**झापा जिल्ला अदालत**

**बाल इजलास**

**माननिय जिल्ला न्यायाधीश श्री गिरिराज गौतम**

**फैसला**

**मुद्दा नं.०७६-C१-००५६ (१८-०७६-००२३३)**

**निर्णय नं. १११**

**मुद्दाः- कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग।**

**दायर मिति- २०७६।०४।२८**

**फैसला मिति :- २०७८।०७।०८**

**वादीको नाम, थर, वतन**

जिल्ला झापा दमक नगरपालिका वडा नं. २ बस्ने वर्ष ५५ को मान बहादुर लिम्बुको जाहेरीले नेपाल सरकार -------------------------------१

साक्षीः ..........................................

कागजः .........................................

**प्रतिवादीको नाम,थर,वतन**

वर्ष १७ को परिवर्तित नाम ०४-५-ग'-१

वर्ष १४ को परिवर्तित नाम ०४-५-घ'-१

वर्ष १६ को परिवर्तित नाम ०४-५-ङ'-१

वर्ष १५ को परिवर्तित नाम ०४-५-च--१

वर्ष १५ को परिवर्तित नाम ०४-५-छ--१

वर्ष १६ को परिवर्तित नाम ०४-५-ज--१

वर्ष १६ को परिवर्तित नाम ०४-५-झ--१

वर्ष १६ को परिवर्तित नाम ०४-५-ञ--१

वर्ष १७ को परिवर्तित नाम ०४-५-ट--१

वर्ष ११ को परिवर्तित नाम ०४-५-ठ--१

वर्ष १६ को परिवर्तित नाम ०४-५-ड--१

वर्ष १५ को परिवर्तित नाम ०४-५-ढ--१

वर्ष १५ को परिवर्तित नाम ०४-५-ण--१

वर्ष १६ को परिवर्तित नाम ०४-५-त-१

वर्ष १६ को परिवर्तित नाम ०४-५-थ--१

वर्ष १५ को परिवर्तित नाम ०४-५-द--१

वर्ष १५ को परिवर्तित नाम ०४-५-ध--१

साक्षीः .........................................

कागजः ........................................

**अदालतबाट वुझेको**

x

न्याय प्रशासन ऐन,२०७३ को दफा ७(१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यसै अदालतको क्षेत्रधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ।

## तथ्य खण्ड

१. मिति २०७६।४।८ गते अं.१५:५० बजेको समयमा जिल्ला झापा दमक न.पा. वडा नं.१ दुर्गा मन्दिर नजिक सार्वजनिक वाटोमा मेरो छोरा बिक्रम लिम्बु, छोराका साथीहरु र प्रतिवादीहरु परिवर्तित नाम ०४-५-च बिच के कुन बिषयमा बादबिवाद र रिसईबि भई झै-झगडा हुदाँ मेरो छोरा, छोराको साथी सरोज भंण्डारी र सुजन भुजेल समेत गम्भिर घाईते भई उपचारको लागी दमक स्थित लाईफ लाईन अस्पतालमा लगी राखेको छ भन्ने हल्ला खल्ला सुनी म हतारीदै उक्त अस्पतालमा आई हेर्दा मेरो छोराको मृत्यु भई सकेको थियो, मृत लाश हेर्दा छोराको अगाडी दाहिने पट्टी घाटीको भागमा धारीलो हतियारले रोपी घोची, रगताम्मे अबस्थामा कपडा समेत भिजेको देखेको हुँ। छोराको साथी सरोज भण्डारीको पछाडी ढाँडमा चोट लागी गम्भिर घाईते भई थप उपचारको लगी बि.एण्ड.सि. अस्पताल बिर्तामोड झापामा लगी आईसियु कक्षमा राखी हाल उपचार भई रहेको छ भन्ने सुनेको छु। अर्का घाईते सुजन भुजेलको टाउँकोमा चोट लागी लाईफलाईन अस्पताल दमकमा सामान्य उपचार पछी डिस्चार्ज भई घर फर्की गएका छन्। उक्त घटना सम्बन्धमा बुझ्दा प्रतिवादीहरु परिवर्तित नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ठ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध र रुबेन भन्ने प्रनुवलम पाखी मगर, निजको साथी, अनिस लिम्बु र नसिब सुब्बा,मनोज तोलाङ्ग समेतले गत होलीमा के कुन साथीहरु बिच भएको झगडा र फेसबुकको बिषयलाई लिएर पुर्व योजना तयारीका साथ ठुलो संख्यामा हात हातमा खुकुरी, चक्कु, फलामको रड, बाँसको भाटा लगायतका सामाग्री बोकी एकान्त स्थानमा बोलाई घेरा हाली आएको हुलले सुनियोजित ढंगले एक्कासी आक्रमण गरी मेरो छोराको संवेदनसिल अंग घाटीमा धारीलो हतियार प्रयोग गरी ज्यानै सम्म लिएको र अन्य घाईतेहरुको समेत ज्यानै लिने उदेश्यले प्रहार गरी गम्भिर घाईते बनाएको हुदाँ निज प्रतिवादीहरुलाई पक्राउ गरी ज्यान सम्बन्धि कसुरमा कानुन बमोजिम कारवाही गरी पिडितले पाउने क्षतिपुर्ती समेत निज प्रतिवादीहरुवाटै दिलाई भराई पाउँ भन्ने ब्यहोराको मान बहादुर लिम्बुको जाहेरी दरखास्त।

२. जिल्ला झापा दमक न.पा. वडा नं. १ स्थित पुर्बमा टिनको छानो भएको पक्की पर्खाल भएको पश्चिम फर्केको चन्द्रमान नेम्बाङको घर, पश्चिममा टिनको छानो पक्की पर्खाल भएको धनपती अर्यालको १ तले पक्करि घर, उत्तर-दक्षिणमा भृकुटी टोल आउने जाने कच्चीवाटो यति चार किल्ला भित्र रहेको पुर्ब तर्फ चन्द्रमान नेम्वाङको घर अगाडी पश्चिम तर्फ सडको पुर्वी किनारमा उत्तर घरलाई महसुर निसाना मानि पश्चिम तर्फको सडको पुर्वी किनार सम्म नाप गर्दा १४ फिट रहेको, उक्त किनारमा डेढ फिट लम्बाई भएको कालो टेपले वेरीएको फलामको पायप रहेको, सो पाईपलाई संकेत १ दिईएको, सो संकेत १ देखी १० फिटको दुरीमा सेतो रङ्गको माक्स रहेको, सो माक्सलाई संकेत २ दिईएको, सो देखी दक्षीण ६ फिट ८ ईन्च दुरीमा रगत जस्तो पदार्थ बालुवामा लतपरिएको, अबस्थामा रहेको सो पदार्थलाई संकेत ३ दिईएको, सो देखी १३ फिट ७ ईन्चको दुरीमा गोलो

आकारको ३ फिट भएको बासको डल्लो टुक्रा लाई संकेत ४ दिईएको, सो देखी २३ मिटरको दुरीमा २ वटा कालो माक्स र दुईवटा ढुङ्गाहरु समेत यत्रतत्र छरिएको, अबस्थामा फेलापरेको, उक्त स्थानमा जमिनको माटोहरु मडारिएको अबस्थामा रहेको, संकेत न. ३ मा रहेको रगत जस्तो पदार्थलाई Cotton swab र रगत जस्तो पदार्थ लागेको बालुवा समेत उठाएको, साथै संकेत नं.१ फलामको पाइप, संकेत नं.२ माक्स, संकेत नं. ४ बाँसको डल्लो टुक्रा थान -१ र उक्त स्थान देखि २३ मिटरको दुरीमा रहेको माक्स र दुई वटा ढुङंगा समेत प्रहरीले हाम्रो सामुन्ने उठाई बरामद गरी लगेको भन्ने ब्यहोराको घटनास्थल मुचुल्का।

३. मृतक बिक्रम लिम्बुको घाटीको अगाडी दाहिने पट्टीको भागमा २.५ सेन्टमिटरको काटिएको चोट रहेको, मृतकले लगाएको खैरो पेन्टमा रगतको टाटाहरु रहेको, मृतकको ढाडको भागमा आलो रगत लतपतिएको,दुबै खुट्टाको पैतालामा रगत लागेको, दुबै पञ्जामा रगत लागेको र वालुबा समेत लागेको देखिएको, टाउकोमा आलो रगतले भिजेको, छातीमा रगतहरुको डाम रहेको भन्ने ब्यहोराको लाश जाँच मुचुल्का।

४. Cause of death is stab injury to vital organs of chest produced by sharp weapon भन्ने ब्यहोराको मृतक बिक्रम लिम्बुको बि.पि.कोईराला स्वा.बि. प्रतिष्ठान घोपा धरानमा गरीएको शव परीक्षण रिपोर्ट।

५. जिल्ला ईलाम चुलाचुली गा.पा. वडा न. ३ PDO टोल स्थित पुर्बमा प्रेमबुङ्गे माईला भन्ने ज्ञान बहादुर थाम्सुहाङंगको घर जग्गा, पश्चिममा प्रेम राईको घर जग्गा, उत्तरमा रामे केरुङ्गको खेत र दक्षीणमा राज केरुङंगको खेत, रातो होली यति चार किल्ला भित्र चुलीवाट बग्दै आउने उत्तर दक्षीण रातो होली रामे कुरङ्गको खेत काटी पश्चिम पसी पुर्व गएको अंग्रेजी (C) आकारमा तत्काल ३ फिट गहिरो बगेको पानि भएको होली पानि भित्र गाण्डु भन्ने सुगम केरुङ्ग समेतले बिक्रल लिम्बुको घाटीमा प्रहार गरेको धारीलो हतियार फलामे प्राणघातक छुरी सोही रातो होलीको पानिमा ल्याई फालेको भनी देखाउदाँ सो होलीको उत्तर ५० मिटर र दक्षीण १०० मिटर तथा पुर्व पश्चिम बगर कासँ घारीमा समेत छुरी खोजतलास गर्दा फेला नपरेको चार किल्ला सहितको बरामदी मुचुल्का।

६. जिल्ला झापा दमक न.पा. वडा नं. १ भूकुटी टोल स्थित पुर्वमा बेलडागी दमक आउने जाने सडक, पश्चिममा भूकुटी टोलको ग्रावेल सडक, दक्षीणमा तिन रुप अधिकारीको टिनको छानो बरिपरी सिमेन्ट ढुङ्गाको घर, उत्तरमा चन्द्रमान नेम्बाङ्गको सेन्टर बेरा सहितको घर यति चार किल्ला भित्र सिमलि भीण्डी रोपिएको राई थरीको खालि जग्गा यति चार किल्ला भित्र घासमा स्टिलको लाईटर सहितको फलामको नक फेलापरेको भन्ने बरामदी मुचुल्का।

७. जाहेरी दरखास्तमा उल्लेखित व्यक्तिहरु मध्ये रुबेन मगर र निजको साथिलाई म चिन्दिन। अन्य सबैलाई चिन्छुँ। मेरो साथि मनोज तोलाङ्गीलाई धेरै पहिला सरोज भण्डारीले कुटेको थाहा थियो। मिति २०७६।४।७ गतेको पनि सरोज भण्डारीले हाम्रै साथि ०४-५-ञ लाई पुनःकुटपिट गरेको कुरा साथिहरुले मलाई समेत सुनाउँदा थाहा भयो। मिति २०७६।४।८ गतेका दिन मेरा साथि ०४-५-च ले आज सरोज भण्डारी र उस्को साथिहरुले हामीलाई सिङ्गल सिङ्गल फाईट खेल्न

बोलाएको छ, हामी सबै जानुपर्छ भनेपछि मैले पनि हुन्छ भनि सहमति जनाए। सो पश्चात ०४-५-च र ०४-५-ज ले सल्लाह गरी ०४-५-ठ लाई रुबेन मगरलाई लिन पठायो निज आएनन्। फेरी ०४-५-ज र ०४-५-ठ रुबिन मगरलाई लिन गए। केहीबेर पछि ०४-५-ज र ०४-५-ठ सँग रुबेन मगर र निज रुबेनकै साथि सहित ४ जना आए। सबै साथिहरु एकै ठाउँमा भेला जम्मा भई साथिहरुले आ-आफ्नो हात हतियार सामान बोकी घाईते सरोज भण्डारी समेतले बोलाएको ठाउँ तर्फ लाग्यौं अगाडी अनिष लिम्बुले बाँसको ठुट्टा टुक्रा बोकेर हिंडे, ०४-५-च ले फलामको रोल बोके, त्यस पछाडी लाईटर सहितको फलामको नक ०४-५-ज ले बोके,०४-५-घ र ०४-५-ध खाली हात थियो, ०४-५-ठ ले दाब सहितको छुरी बोकेको थिए, त्यस पछी रुबेन मगरले खुकुरी कम्बरमा भिरेको थियो,निजकै साथीले खुकुरी बोकी अगाडी पछाडी भई जाँदा घटनास्थल वर हाल हामीसँग पक्राउ परेका नसिब सुब्बाले मोटरसाइकल लडाएको देखी म, ०४-५-छ, ०४-५-झ र ०४-५-ङ ले नसिब दाईलाई हेर्दा ति अगाडी गएका मेरा साथिहरु मध्ये ०४-५-च समेत ऐ अं.१५:५० बजेको समयमा त्याहाँ पुगी साथि ०४-५-च सरोज भण्डारी बिच बिवाद भई हानाहन भएको देखें भने अन्य अगाडी गएका साथिहरु पनि उताबाट आएका मानिसहरु सँग हातपात गर्न थाले। ०४-५-च ले बोकेको फलामको रोलले सरोज भण्डारीलाई हिर्काई सकेपछि उताबाट आएका मानिसहरु सबै धुरीएर ०४-५-च लाई कुटीरहेको अवस्थामा ०४-५-ठ साथिलाई बचाउन जाँदा निजलाई पनि को-कस्ले हिर्काइ सकेपछि उस्ले बोकेको छुरीले अन्धाधुन्द हान्न थाले हामीहरु उक्त स्थानमा नपुग्दै ०४-५-ठ ले हानेको व्यक्ति बिक्रम लिम्बु रन्थनिदै अलि पर लडेपछि हामीहरु पनि भाग्न थाल्यौं । म,०४-५-झ, ०४-५-छ, ०४-५-च, मनोज तोलाङ्गी, ०४-५-द, ०४-५-त, ०४-५-ञ, ०४-५-ज, ०४-५-थ, रुबेन मगर र उस्को साथि ०४-५-थ भागी रतुवा खोला तर्‍यौं। खोलापारी गएपछि अरुसाथिहरु के-कता गए थाहा भएन भने खटिएको प्रहरी टोलीले मलाई, ०४-५-च, ०४-५-छ, मनोज तोलाङ्गी, ०४-५-ङ र ०४-५-घ समेतलाई पक्राउ गरेको हो भन्ने ब्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले गरेको बयान।

८. म प्रतिवादी रुबेन मगर र निजको साथि बाहेक सबैलाई चिन्छुँ। हामीहरु सबै जना गाउँ वरपरका तथा स्कुलका साथिहरु हुन्। कोहि सँगै पढ्छौं भने कोही अर्कै स्कुलमा पढ्छौं। हामी भेला जम्मा हुने गफगाफ गर्ने ठाउँ रबि स्टेण्ड हो। मिति २०७४।४।७ गते दिन म झिलझिलेमा हुँदा बिपक्षि सुजन भुजेलले फेरी हाम्रो साथि ०४-५-ञ लाई कुट्यो भनि फोन गरी साथिले सुनाएका थिए। भोलिपल्ट मिति २०७६।४।८ गतेको दिन सरोज भण्डारीले ०४-५-चलाई फोन गरेर सिङ्गल-सिङ्गल फाईट खेल्न आईज भनि बोलाएको रहेछ र निजले फोन काटी आज सरोज भण्डारी र उस्का साथिहरुले फाईट खेल्न बोलाउँदैछ जाउँ साथि हो आज कसैलाई छाड्नु हुँदैन सबै जना आ-आफ्नो सामान लिएर कुमाल चोकमा भेट्ने भनि कोही साथि सामान लिन गए भने कोही गएनन्। म पनि त्यही बसे। सबै जना भेलाभई सरोज भण्डारीले बोलाएको ठाउँमा हिंड जाउँ भन्दा अगाडी अनिष लिम्बुले बाँसको टुक्रा बोकेर हिंडे, ०४-५-च ले फलामको रोल बोके, त्यस पछाडी लाईटर सहितको फलामको नक ०४-५-ज ले बोके,म,०४-५-छ र ०४-५-ध खाली हात थियौं, ०४-५-ठ ले दाब सहितको छुरी बोकेको थिए, त्यस पछी रुबेन मगरले र निजकै साथीले खुकुरी बोकेका थिए, यसरी सामान बोकी अगाडी पछाडी भई अं.१५:५० बजेको समयमा निज बिपक्षीहरुले बोलाएको स्थान घटनास्थलमा पुगी मेरो दाई ०४-५-च सरोज भण्डारी बिच बिवाद

भई हानाहन भएको देखें भने अन्य अगाडी गएका साथिहरु पनि उताबाट आएका मानिसहरु सँग हातपात गर्न थाले। ०४-५-च ले बोकेको फलामको रोलले सरोज भण्डारीलाई हिर्काई सकेपछि उताबाट आएका मानिसहरु सबै धुरीएर ०४-५-च लाई कुटीरहेको अवस्थामा ०४-५-ठ साथिलाई बचाउन जाँदा निजलाई पनि को-कस्ले हिर्काइ सकेपछि उस्ले बोकेको छुरीले अन्धाधुन्द हान्दाँ बिक्रम लिम्बु रन्थनिदै अलि पर लडेपछि हामीहरु पनि भाग्न थाल्यौं। म,०४-५-झ, ०४-५-ग, ०४-५-च, मनोज तोलाङ्गी, ०४-५-द, ०४-५-त, ०४-५-ञ, ०४-५-ग, पुजन मगर, रुबेन मगर र उस्को साथि, ०४-५-थ भागी रतुवा खोला तऱ्यौं। खोलापारी गएपछि अरुसाथिहरु के-कता गए थाहा भएन भने खटिएको प्रहरी टोलीले मलाई ०४-५-च, ०४-५-ग,मनोज तोलाङ्गी, ०४-५-ङ, ०४-५-छ समेतलाई पक्राउ गरेको हो भन्ने ब्यहोराको बयान कागज।

९. म जाहेरवाला मान बहादुर लिम्बु, मृतक बिक्रम लिम्बु र घाईते समेतलाई म चिन्दिन। जाहेरीमा उल्लेख भएका फरार तथा पक्राउ प्रतिवादीहरु मेरै गाउँ घरका तथा स्कुलका साथिहरु हुन्। मिति २०७६।०४।८ गते दिउसो म रविस्टेण्ड घरवाट जुत्ता लिन भनि साइकल चढी दुर्गा मन्दिर स्थित ०४-५-जको घरमा जादै गर्दा बाटोमा ०४-५-ज सँग भेट हुदा मेरो जुता खोइ दाई भन्दा निजले तिम्रो जुत्ता मेरो घरबाहिर राखेको छु लिएर जानु भनेकोले म निज ०४-५-ज को घर गई मेरो जुता निकाली पुनः घर फर्कदै गर्दा केहि पर पुग्दा मैले चिनेको ०४-५-छ कुरुङवाङ समेत ५।६ जना केटाहरु जम्मा भई बसिरहेका थिए। निज साथीहरुले मलाई पनि भाङवारी जाउ भनेकोले निजहरुसँगै म, ०४-५-द,०४-५-झ गफ गर्दै हिडिरहेको थियौ। साथिहरुलाई भाङबारीका केटाहरुले फाईट खेल्न बोलाएकोले सबै जना साथिहरु जाँदै छन् भन्ने सुनाए। म पनि जाँदै थिएँ। हामी भन्दा अगाडी गएका साथिहरुले हाल नाम थाहा भएका मृतक बिक्रम लिम्बु, घाईते सरोज भण्डारी र सुजन भुजेल समेत सँग झगडा गरी छुरी हानाहान गरी बिक्रम लिम्बुलाई हाम्रो साथिले प्रहार गर्दा निज बाटोमा लडेका थिए। सोही बेला निजकै साथिहरुले सडकवाट उठाउदै स्कुटरमा हाली लगेको देखेको हुँ। सो पश्चत हामीसँग गएका साथिहरु भागेकोले म पनि सँगै भागेपछि म समेत पेल्टीमारी तर्फ भाग्दै गर्दा प्रहरीले मलाई, ०४-५-च, मनोज तोलाङ्गी, ०४-५-ञ, ०४-५-घ र ०४-५-झ समेतलाई पक्राउ गरेको हो। यसरी ग्याङ फाइट हुन्छ भन्ने कुरा मलाई थाहा थिएन। निज बिक्रम लिम्बुलाई हाम्रै साथिहरुले चक्कु हानी कर्तव्य गरी मारेको हो भन्ने ब्यहोराको बयान कागज।

१०. जाहेरवालाले उल्लेख गरी दिएको म र मेरा साथीहरु परिवर्तत नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-ठ, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, मनोज तोलाङ्गी, रुबिन मगर, रुबिन मगरको साथी, अनिस लिम्बु हुन भने नसिब सुब्बा मेरो साथी हैनन्, मसंग बिपक्षी सरोज भण्डारी र सुजन भुजेल बिच पहिलाको बिवाद झगडा रिसईबीको भई फेबुकमा समेत भनाभन भएको कारण म र बिपक्षीका मानिसहरु सरोज भण्डारी र सुजन भुजेल बिच फेबुकमा कुराकानी हुदाँ आ-आफ्नो साथी लिई आउने भन्ने कुराकानी हुदाँ मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित म र मेरा साथीहरुलाई मैले बोलाएका थिए भने सरोज भण्डारी र सुजन भुजेलले आफ्नो साथी लिई बारदात स्थानमा सोही दिन अं.१५:५० बजेको समयमा हाम्रो साथिहरु आ-आफ्नो हतियार बोकी अगाडी

माहिले मैले फलामको रोल साथी ०४-५-ठ ले दाप सहितको चक्कु बोकेको थिए, ०४-५-ज ले लाइटर भएको फलामको नक, रुवेन मगरले खुकुरी, निज रुबेनको साथिले खुकुरी, ०४-५-ञ ले रेडिमेट चारवटा औला छिर्ने फलामको नक र मनोज तोलाङ्गीले फलामको नक,अनिस लिम्बुले बासँको आखा भएको ठुटा बोकेका थियौ अन्य साथिहरु पछाडी थिए। बिपक्षीका मानिसहरु संग भेघाट हुदाँ म र घाईते सरोज भण्डारी बिच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुदै गर्दा मलाई सरोज भण्डारी समेतका मानिसहरुले भाङवारी स्कुल तर्फ लादै गर्दा निजहरु बिच भनाभन ठेलाठेल भई मैले साथमा बोकेको फलामको रोलले सरोज भण्डारीको टाउँकोमा हान्दा उसले छल्दा कुममा लाग्न गयो, त्यस पछी उसका साथिहरु सबै जना भई धुरीएर मलाई कुटपिट गर्न थाले पछी मेरो साथि ०४-५-ठ मलाई साथ दिन भनी आए अन्य साथिहरुले को को संग कसरी भिडे थाहा भएन्, मैले सरोज भण्डारीलाई मैले बोकेको फलामको रोलले प्रहार गरे। साथी ०४-५-ठ ले बिक्रम लिम्बुको घाटीमा छुरी प्रहार गर्दा सोही चोटको कारण छटपटीदै अली मास्तिर गई ढले, निजसंग आएका साथिहरुले ढलेढले भनी हल्ला खल्ला गर्न थाले, हामी संगै गएका ०४-५-ज र ०४-५-ञ ले सुजन भुजेललाई हिर्काईरहेको देखेको थिए, म केही पर पुगी साथी हो भागौ भागौ भन्दा साथीहरु ०४-५-ङ, ०४-५-घ, ०४-५-झ, मनोज तोलाङ्गी,०४-५-छ, ०४-५-त, ०४-५-ज, ०४-५-द, रुबेन मगर, रुबेन मगरको साथी, ०४-५-ण,०४-५-ग र म समेत भई आखाँ अस्पतालको वाटो हुदै रतुवा खोलाको डिल बगर हुदाँ खोला तरी कमल गा.पा. हुदै ईलाम चुलाचुली तर्फ जादै गर्दा प्रहरी टोली आई ०४-५-ङ, ०४-५-घ,०४-५-झ, मनोज तोलाङ्गी, ०४-५-छ, ०४-५-ग समेतलाई पक्राउ गरेको हो अन्य साथीहरु के कहाँ गए थाहा भएन कानुन बमोजिम सहन मन्जुर छु भन्ने ब्यहोराको बयान कागज।

११. रुबेन मगर र निजको साथि बाहेक सबैलाई चिन्छुँ। साथि मनोज तोलाङ्गीलाई जाहेरवालाको छोराको साथिहरुले पहिला हिर्काएको थियो। मिति २०७४।४।७ गते दिन म झिलझिलेमा हुँदा बिपक्षि सुजन भुजेलले फेरी हाम्रो साथि ०४-५-ञ लाई पनि भूकुटी स्कुलमा कुट्यो भनि फोन गरी साथिले सुनाएका थिए। मिति २०७६।४।८ गते झिलझिलेमा फुटबल हेर्न जानको लागी सबै जना रबि स्टेण्डमा सल्लाह गर्न आउँदा ०४-५-च, ०४-५-ञ, ०४-५-ज, ०४-५-घ, ०४-५-ठ, ०४-५-त,०४-५-द, ०४-५-ण, समेत थिए। ०४-५-ड र ०४-५-ढ लाई मैले देखिन,०४-५-च लाई सरोज भण्डारीले फोन गरेर तिमीहरु सिङ्गल-सिङ्गल फाईट खेल्न आईज भनि बोलायो र निजले फोन काटी आज सरोज भण्डारी र उस्का साथिहरुले फाईट खेल्न बोलाउँदैछ जाउँ साथि हो आज कसैलाई छाड्नु हुँदैन, सबै जना आ-आफ्नो सामान लिएर कुमाल चोकमा भेट्ने भनि कोही साथि सामान लिन गए भने कोही गएनन्। म पनि त्यही बसे। पछि ०४-५-ठ ले चक्कु बोकी आयो, ०४-५-ज ले फलामको नक बोके, ०४-५-ञ ले नक बोके सबै जना कुमाल चोकमा आउँदा ०४-५-च र सन्देश यावा पनि आई पुग्यो र ०४-५-च, ०४-५-ज र ०४-५-ठ ले रुबेन मगरलाई पनि बोलाउनु पर्छ भनि ०४-५-ज ले उसैले चिनेको मलाई नाम थाहा नभएको निजको साथिलाई एकछिन ०४-५-ठ लाई लिएर एक जना साथिलाई ल्याउन तिम्रो मोटरसाईकल दिएर सहयोग गर्नु पर्‍यो भन्दा उस्ले हुन्छ भनि ०४-५-ठ लाई लिएर ति मोटरसाईकल चालकले लिएर रुबेन मगरको घर तर्फ गयो। एकछिन पछाडी ०४-५-ठ ले कालो झोलामा खुकुरी बोकी सोही मोटरसाईकलमा फर्की आए। एकै छिनमा ०४-५-ज ले ०४-५-ठ लाई रुबेन मगर दाई आउने

भनि फोन गरेको छ हिंड मसँग भनि ०४-५-ग ले नै चिनेको रमेश माझीसँग मोटरसाईकल मागी ०४-५-ग ले चलाए र ०४-५-ठ पछाडी बसी रुबेनलाई लिन गए। केही समय पछाडी उक्त मोटरसाईकलमा ४ जना ०४-५-ठ, ०४-५-ज, रुबेन मगर र रुबिनकै साथि सोही मोटरसाईकलमा चढि आए। सबै जना भेलाभई सरोज भण्डारीले बोलाएको ठाउँमा हिंड जाउँ भन्दा अगाडी अनिष लिम्बुले बाँसको टुक्रा बोकेर हिंडे,०४-५-च ले फलामको रोल बोके, त्यस पछाडी लाईटर सहितको फलामको नक ०४-५-ज ले बोके,०४-५-घ र ०४-५-ध खाली हात थियो, ०४-५-ठ ले दाब सहितको छुरी बोकेको थिए, रुबेन मगर र निजको साथीले खुकुरी कम्बरमा भिरेका थिए, यसरी सामान बोकी अगाडी पछाडी भई जाँदा घटनास्थल वर हाल हामीसँग पक्राउ परेका नसिब सुब्बाले मोटरसाइकल लडाएको देखी म, ०४-५-ग, ०४-५-झ र ०४-५-ङ ले नसिब दाईलाई हेर्दा ति अगाडी गएका मेरा साथिहरु मध्ये ०४-५-च समेत जाहेरवालाको छोराहरुले बोलाएको स्थान घटनास्थलमा पुगी साथि ०४-५-च र सरोज भण्डारी बिच बिवाद भई हानाहन भएको देखें भने अन्य अगाडी गएका साथिहरु पनि उताबाट आएका मानिसहरु सँग हातपात गर्न थाले। ०४-५-च ले बोकेको फलामको रोलले सरोज भण्डारीलाई हिर्काई सकेपछि उताबाट आएका मानिसहरु सबै धुरीएर ०४-५-च लाई कुटीरहेको अवस्थामा ०४-५-ठ साथिलाई बचाउन जाँदा निजलाई पनि को-कस्ले हिर्काइ सकेपछि उस्ले बोकेको छुरीले अन्धाधुन्द हान्न थाले । हामीहरु उक्त स्थानमा नपुग्दै सुगमले हानेको व्यक्ति बिक्रम लिम्बु रन्थनिँदै अलि पर लडेपछि हामीहरु पनि भाग्न थाल्यौं । म, ०४-५-झ, ०४-५-ग, ०४-५-च, मनोज तोलाङ्गी, ००४-५-द, ०४-५-त, ०४-५-ञ, ०४-५-ज, ००४-५-ण, रुबेन मगर, रुबेन मगरको साथि र ०४-५-थ भागी रतुवा खोला तर्‍यौं । खोलापारी गएपछि अरुसाथिहरु के-कता गए थाहा भएन भने खटिएको प्रहरी टोलीले मलाई, ०४-५-च, ०४-५-ग, मनोज तोलाङ्गी, ०४-५-ङ, ०४-५-घसाम्वा समेतलाई पक्राउ गरेको हो भन्ने ब्यहोराको बयान कागज।

१२. म जाहेरवाला मान बहादुर लिम्बु र मृतक बिक्रम लिम्बुलाई म चिन्दिन भने घाईते सरोज भण्डारी र सुजन भुजेललाई चिन्दछु। मेरा साथीहरु परिवर्तत नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-ठ, ०४-५-छ, ०४-५-च, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, मनोज तोलाङ्गी, रुबिन मगर, रुबिन मगरको साथी, अनिस लिम्बु हुन भने नसिब सुब्बा मेरो साथी हैनन्। मिति २०७६।४।७ गते म साथी ०४-५-ठ को घरमा बसे भोलि पल्ट बिहानै ०४-५-च माई भेटन भनी दमक १ स्थित रबिस्टेण्डमा गई कुरा गर्दा आज सरोज भण्डारी र सुजन भुजेलले बोलाएकोछ ठिक पार्नुपर्छ भनी सल्लाह गरी ०४-५-च खुकुरी लिन भनी घर गए, अन्य पनि सामान ल्याउने भनी गए म त्यही बसी ०४-५-ठ लाई मेरो घरमा चक्कु र लाइटर भएको फलामको नक छ तिमी मेरो घरमा जाउ भनी लिन पठाए, निजले लिई आई ०४-५-ठ ले फलामको नक मलाइ दियो,चक्कु उसैले बोके, सबै जना भेला जम्मा भए पछी ०४-५-च ले ०४-५-ठ लाई रुवेन मगर दाईलाई आज भाङवारीको केटाहरुसंग झगडा छ तपाई खुकुरी लिई आउनु भनी बोलाउन पठाए, र उ अनमोल भन्ने साथीसंग मोटरसाईकलमा लिन गयो, रुबेन दाईलाई नलिई कालो झोलामा खुकुरी मात्र लिएर आयो,केही छिन पछी मलाई रुबेन राईले मलाई फोन गरी म आउछु कसैलाई लिन पठाई देउ भन्दा मैले चिनेका रमेश माझि

संग मोटरसाईकल मागी म र ०४-५-ठ रुबेन लाई लिन गयौ। लिन जादाँ रुबेन दाईसंग निजकै साथी पनि जाने भनेकाले हामि ४ जना सोही मोटरसाईकलमा चढी आयौ, सो पश्चात हामि बसै जना बिपक्षीले बोलाएको स्थान तर्फ सबैको सल्लाहा अनुसार सरोज भण्डारी र निजको साथीहरुले हामीलाई चार्ज गरेमा हामीले पनि निजहरुलाई छोडनु हुदैन भन्दै आ-आफनो सामानहरु कोहि झोलामा कोही हातैमा कोहि गोजीमा हतियार र नकहरु लुकाई बोक्यौ,मैले फलामको लाइटर भएको नक बोकी सल्लाह अनुसार निज घाइतेहरुले बोलाएको स्थना तर्फ जादा सबैभन्दा अगाडि बासको ठुटाँ बोकी अनिस लिम्बु, ०४-५-च, म, र क्रमश मनोज तोलाङ्गीले नक बोकी, ०४-५-घ र ०४-५-ध खाली हात थियो, ०४-५-ञ ले नक र ०४-५-ठ दाब सहितको छुरी बोकेको थिए, त्यस पछी रुबेन मगरले खुकुरी कम्बरमा भिरेको थियो, रुबेन मगरसंग आएको साथीले खुकुरी, हामीहरु भन्दा पछाडी अन्य साथिहरु ०४-५-ङ, ०४-५-ग, ०४-५-छ, ०४-५-द, ०४-५-ण, ०४-५-त, ०४-५-थ थिए। ०४-५-झ, ०४-५-ड, ०४-५-ढ लाई मैले देखिन् निजहरु के कहाँ थिए थाहा भएन। वारदात स्थानमा बिपक्षी संग भेट हुदाँ ०४-५-च र घाईते सरोज भण्डारी बिच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुदै गर्दा निजलाई सरोज भण्डारी समेतका मानिसहरुले ०४-५-च लाई घेराहाली छेकी एक्लै पारी लान लाग्दा हामी दुबै पक्ष बिच झगडा हुन थाल्यो,मैले र ०४-५-ञ ले घाईते सुजन भुजेललाई हान्न थाल्यौ,०४-५-च लाई सरोज भण्डारी समेतले हिर्काई रहेको ठाउँमा साथि ०४-५-ठ साथ दिन जादाँ उसलाई को कस्ले हिर्काउदाँ उसले आफुले बोकेको छुरीले अन्दाधुन हिर्काउन थाले बिक्रम लिम्बु उक्त भिडवाट रन्थनिदै केही पर लडेको देखे,त्यस पछी सबै जनाले मान्छे मर्यो भन्दै हल्ला गर्न थाले पछी सुरुमा ०४-५-ठ भिडवाट के कहाँ भागे, त्यस पछी साथी हो भागौ भन्दै ०४-५-ङ, ०४-५-घ, ०४-५-झ, मनोज तोलाङ्गी, ०४-५-छ, ०४-५-त, ०४-५-द, रुबेन मगर, रुबेन मगरको साथी, ०४-५-ण, ०४-५-ग, ०४-५-च र म समेत भई आखाँ अस्पतालको वाटो हुदै रतुवा खोलाको डिल बगरवाट खोला तरी कमल गा.पा.हुदै ०४-५-ञ, ०४-५-झ र म समेत पुर्व पश्चिम राजमार्गमा निस्की बिर्तामोड जाने भनी भागी बिर्तामोड गई बस्यौ भने साथीहरु ०४-५-ङ, ०४-५-घ, मनोज तोलाङ्गी, ०४-५-छ, ०४-५-ग र ०४-५-च चुलाचुली ईलाम तर्फ लागे अन्य साथिहरु के कता गए थाहा भएन । पछी मसंग बिर्तामोड गएका ३ जनालाई प्रहरीले बिर्तामोड बसपार्कमा पक्राउ गरेको हो भन्ने ब्यहोराको बयान कागज।

१३. जाहेरवाला मान बहादुर लिम्बु, मृतक बिक्रम लिम्बुलाई चिन्दिन, घाईते सरोज भण्डारी र सुजन भुजेललाई चिन्दछु। जाहेरी दरखास्तमा उल्लेख भएको ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, मनोज तोलाङ्गी, रुबिन मगर, रुबिन मगरको साथी, अनिस लिम्बु हुन भने नसिब सुब्बा मेरो साथी हैनन्, मेरो साथी ०४-५-च संग बिपक्षी सरोज भण्डारी र सुजन भुजेल बिच पहिलाको बिवाद झगडा रिसईबीको कारण साथी ०४-५-च र बिपक्षीका मानिसहरु सरोज भण्डारी र सुजन भुजेल बिच मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित आ-आफ्नो साथी लिई आउने भने अनुसार ०४-५-च ले निजले नै चिनेको रुबेन मगरलाई लिन मोटरसाईकलमा ०४-५-ठ लाई पठायो, उस्ले केही समय पछाडी सेतो भेष्टले बेरेको नाङगो खुकुरी कालो झोलामा बोकेर मात्र आए। एकछिन पछि पुन आउने भनि रुबेनलाई लिन गई रुबेन सँग निजकै साथि पनि मोटरसाईकलमा आएका थिए। सो पश्चात हामीहरु अं.

१४:४० बजेको समयमा सबै जना हालका घाइतेहरु र मृतक समेतले बोलाएको स्थान तर्फ सबैको सल्लाहा अनुसार निजहरुले हामीलाई चार्ज गरेमा हामीले पनि निजहरुलाई छोडनु हुदैन भन्दै ग्रुप ग्रुप हुँदै कोही अगाडी कोही पछाडी छुट्टिदै गयौं। म, ०४-५-ग, ०४-५-ङ, ०४-५-घ समेत पछाडी खाली हातै पछि पछि जाँदै गर्दा हामी भन्दा अगाडी गएका अरु साथिहरु घटनास्थलमा गई हालका घाईते सरोज भण्डारी समेत सँग झगडा सुरु गरी सकेका थिए। हामी पुग्दा मृतक बिक्रम लिम्बु गम्भिर घाईते भई बाटोमा लडी रहेको र निजको साथिहरुले बोकी अस्पताल लान तरखर गरीरहेका थिए। साथि ०४-५-ठले हातमा छुरी बोकी रहेको देखेको थिएँ। मान्छे मरो भनि हल्ला खल्ला भएपछि हामी डरले भाग्दै रतुवा खोला पारी गई अरु साथि के-कता भागे मलाई थाहा भएन म, ०४-५-ज र ०४-५-ञ समेत मिली बिर्तामोड तर्फ भाग्यौं। पछि प्रहरीले म समेतलाई बिर्तामोडबाटै फेला पारी पक्राउ गरी ल्याएको हो भन्ने ब्यहोराको बयान कागज।

१४. म जाहेरवाला मान बहादुर लिम्बु र मृतक बिक्रम लिम्बुलाई म चिन्दिन भने घाईते सरोज भण्डारी र सुजन भुजेललाई चिन्दछु। मेरा साथीहरु परिवर्तत नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-ठ, ०४-५-छ, ०४-५-च, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, मनोज तोलाङ्गी, रुबिन मगर, रुबिन मगरको साथी, अनिस लिम्बु ,नसिब सुब्बा मेरो साथीभाई र दाजुहरु हुन्। मिति २०७६।०४।०७ गतेका दिन मलाई सरोज भण्डारीको साथि सुजन भुजेलले एक्लै भूकुटी स्कुलमा कुटेको कुरा समेत मैले साथिहरुलाइ सुनाएँ। मिति २०७६।४।८ गतेका दिन खाना खाई अं. १२:०० बजे तिर सदाझैं भेला जम्मा हुने ठाउँ रबि स्टेण्डमा जाँदा साथि ०४-५-च फोनमा कुरा गर्दै अर्का साथि ०४-५-ठ लाई अहिले कति बज्यो? भन्दा निजले १३:०० बजेको छ भने र उसले फोन काटी साथि हो आज मलाइ कुट्ने बेलडाँगीका र भाङवारीका केटाहरु सरोज भण्डारी, सुजन भुजेल, बिक्रम लिम्बु समेतले हामीहरुलाई सिङ्गल-सिङ्गल भिड्न भाङवारी स्कुलमा बोलाई राखेको छ, हामी सबै मिलेर निजहरु सँग ग्याङ फाईट गर्न जाऔं, सबैले आ-आफ्नो सर-सामान बोकेर लिएर आउ भनेकोले साथिहरु सामान लिन हिंडे भने मैले पहिले देखी नै फलामको रोल बोकेकोले म त्यहीं बसिराखे। एक छिन पछि सबै साथिहरु सामानहरु लिई आई सँगै कुमाल चोक पुग्यौं। त्यहींबाट मैले बोकेको रोल ०४-५-च ले म बाट लिए र ०४-५-च ले ०४-५-ठ लाई रुवेन मगर दाईलाई लिन जाउ भनी पठायो,सो पश्चात हामीहरु अं.१४:४० बजेको समयमा सबै जना हालका घाइतेहरु र मृतक समेतले बोलाएको स्थान तर्फ सबैको सल्लाहा अनुसार निजहरुले हामीलाई चार्ज गरेमा हामीले पनि निजहरुलाई छोडनु हुदैन भन्दै आ-आफनो सामानहरु कोहि झोलामा कोही हातैमा कोहि गोजीमा हतियार र नकहरु लुकाई बोकि घाइतेहरुले बोलाएको स्थानतर्फ जादा सबैभन्दा अगाडि अनिस लिम्बु बासको ठुटाँ बोकी हिंडे,०४-५-च ले फलामको रोल बोके, त्यस पछाडी लाईटर सहितको फलामको नक बोकेर ०४-५-ज र क्रमश मनोज तोलाङ्गीले नक,०४-५-घ, मैले पनि साथिसँग मागेर नक बोके भने ०४-५ध खाली हात थियो, ०४-५-ठ ले दाब सहितको छुरी बोकेको थिए, त्यस पछी रुबेन मगरले नाङ्ग खुकुरी कम्बरमा भिरेको थियो, रुबेन मगर संग आएको साथीले खुकुरी बोकेको थियो, हामीहरु भन्दा पछाडी अन्य साथिहरु ०४-५-ङ, ०४-५-ग, ०४-५-छ,०४-५-द, ०४-५-ण, ०४-५-त, ०४-५-थ थिए भने पछीवाट ०४-५-झ आएका

थिए। अन्यलाइ देखिन यसरी हामीहरु निज घाईते र मृतकले बोलाएको स्थानमा पुग्दा ०४-५-च र सरोज भण्डारी बिच भेट भई भनाभन ठेलाठेल भई साथी ०४-५-च ले साथमा बोकेको फलामको रोलले सरोज भण्डारीको टाउँकोमा हान्दा उसले छली कुममा लाग्न गयो, त्यस पछी उसका साथिहरु सबै जना भई धुरीएर ०४-५-च लाई कुटपिट गर्न थाले म र ०४-५-ज भएर सुजनलाई हिर्काउँदै थियौं। ०४-५-च लाई कुटीराखेको देखेर ०४-५-ठ साथिलाई साथ दिन जादाँ सरोज भण्डारी समेतका मानिसले निजलाई पनि कन्चटमा रन्थनीने गरी हिर्काउदाँ उसले साथैमा बोकेको दाब सहितको छुरी निकाली हान्दा बिपक्षी बिक्रम लिम्बुको घाटीमा लाग्न गई सोही चोटको कारण छटपटीदै अली मास्तिर गई ढले। निजले छुरी अन्दाधुन्द चलाई नै राखे को कस्लाई कताकता लाग्यो मलाई थाहा भएन, सरोज भण्डारीको सबै जना साथिहरु मानिस लडेलडे भनी जोगाउन गए। सोही कारण झगडा पनि आफै छुट्टी निज घाईतेलाई उसैको साथिहरु र स्थानिय छर छिमेकले स्कुटीमा राखी अस्पताल तर्फ लाँदै गर्दा हामी सबै जना साथिहरु डरले भागी रतुवा खोला पारी भई अन्य साथिहरु के कता भागे मलाई थाहा भएन म, ०४-५-ज र ०४-५-झ समेत ३ जना गाडीमा चडि बिर्तामोड बसपार्क पुगी लुकीछिपी बसिरहेको अवस्थामा प्रहरीले फेला पारी पक्राउ गरी ल्याएको हो भन्ने ब्यहोराको बयान।

१५. जाहेरी दरखास्तमा उल्लेखित कसुरदारहरु मध्येका रुबेन मगर र निजको साथिलाई म चिन्दिन भने अरु सबै पक्राउ तथा फरार रहेका व्यक्तिहरु मैले देखे चिने जानेकै साथिहरु हुन्। जाहेरीमा उल्लेखित वारदात मितिको दिन म कपाल काट्ने सोच बनाई हाल म सँगै पक्राउ परेका छिमेकी दाई नसिब सुब्बाको घरमा गई दाई जाउँ बजार तिर घुम्न मेरो कपाल पनि काट्नु छ भन्दा निज दाईले पनि हुन्छ भनि निजकै बुवाको स्कुटर निकाली म पछाडी बसी हामी घुम्दै फाल्गुनन्द चोक हुँदै भाङवारी जाँदै गर्दा हाल पक्राउ परेका तथा फरार रहेका ०४-५-च, ०४-५-ठ समेतका साथिहरुलाई रबिस्टेण्ड देखी अलि पर हुल जमात भई हल्ला खल्ला गर्दै गरेको देखेको थिए। अरुबेला पनि हामी त्यसरीनै बस्ने गरेको हुँदा वास्ता नगरी दाईले स्कुटर चलाईराख्नु भयो। सोही ग्रुपका मध्येका साथि तोलाङ्गीले हामीलाई देखी नसिब दाईलाई दाई एकछिन स्कुटर लिएर रबिस्टेशन जाउँन मेरो छाता छुटयो भनेकोले उसलाई पनि पछाडी राखेर हामी ३ जना स्कुटरमा निजको छाता लिन गयौं। छाता लिएर पुन निजलाई पहिलेकै ठाउँमा छाडी स्कुटर फर्काएर बाटोमा जाँदै गर्दा मेरो साथि ०४-५-ठ अत्तालिदै मैले चलाएको स्कुटर नजिक आई मलाई अलिक पर छाडीदेउन मेरो ग्याङ फाईट भएर मैले मान्छे हानेर आएको छु भनि हत्तपत्त स्कुटरमा चढेकोले नसिव दाईले स्कुटर चलाएर रतुवा खोलाको वारी सम्म पुऱ्याईदिएर हामी फर्किदै गर्दा के भएछ भनि गफगाई गर्दै पहिलेकै ठाउँमा आउँदा बिक्रम लिम्बुलाई छुरी प्रहारी गरेकोले निजको मृत्यु भएको र अन्य सरोज भण्डारी र सुजन भुजेल समेत हाम्रो साथिहरुको कुटपिटको कारण घाईते भई उपचारको लागी अस्तपाल तर्फ लगेको छ भन्ने हल्ला खल्ला सुनी हामी दुवै जना घर गयौं। पछि को-कस्ले हामी दुवै जनाको नाम पनि के-कसरी सुनाई दिएकोले घटनाको भोलि पल्ट मलाई र नसिव सुब्बा दाई समेतलाई प्रहरी पक्राउ गरेको हो भन्ने ब्यहोराको बयान कागज।

१६. जाहेरवालाले उल्लेख गरी दिएको म र मेरा साथीहरु परिवर्तत नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ड, ०४-५-ढ,

०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, मनोज तोलाङ्गी, रुबिन मगर, रुबिन मगरको साथी, अनिस लिम्बु हुन भने नसिब सुब्बा मेरो साथी हैनन्, मेरो साथी ०४-५-च संग बिपक्षी सरोज भण्डारी र सुजन भुजेल बिच पहिलाको बिवाद झगडा रिसईबीको कारण साथी ०४-५-च र बिपक्षीका मानिसहरु सरोज भण्डारी र सुजन भुजेल बिच मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित आ-आफ्नो साथी लिई आउने भने अनुसार म र मेरा साथीहरुलाई ०४-५-च ले बोलाएका थिए भने सरोज भण्डारी र सुजन भुजेलले आफ्नो साथी लिई बारदात स्थानमा सोही दिन अं. १५:५० बजेको समयमा हाम्रो साथिहरु आ-आफ्नो हतियार बोकी अगाडी माहि मैले दाप सहितको चक्कु बोकेको थिए,०४-५-ज ले लाइटर भएको फलामको नक, रुवेन मगरले खुकुरी, निज रुबेनको साथिले खुकुरी, ०४-५-ञ ले रेडिमेट चारवटा औंला छिर्ने फलामको नक र मनोज तोलाङ्गीले फलामको नक, ०४-५-च ले फलामको रोल, अनिस लिम्बुले बासँको आखा भएको ठुटा बोकेका थियौ अन्य साथिहरु पछाडी थिए। साथी ०४-५-च र घाईते सरोज भण्डारी बिच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुदै गर्दा ०४-५-च लाई सरोज भण्डारी समेतका मानिसहरुले भाङवारी स्कुल तर्फ लादै गर्दा निजहरु बिच भनाभन ठेलाठेल भई साथी ०४-५-च ले साथमा बोकेको फलामको रोलले सरोज भण्डारीको टाउँकोमा हान्दा उसले छल्दा कुममा लाग्न गयो, त्यस पछी उसका साथिहरु सबै जना भई धुरीएर ०४-५-च लाई कुटपिट गर्न थाले पछी मैले मेरो साथिलाई साथ दिन गए, अन्य साथिहरुले को कोसंग कसरी भिडे थाहा भएन्, ०४-५-च लाई साथ दिन जादाँ सरोज भण्डारी समेतका मानिसले मलाई बायाँ कन्चटमा रन्थनीने गरी हिर्काउदाँ मैले केही नदेखी आफुले बोकेको दाब सहितको छुरी निकाली हान्दा बिक्रम लिम्बुको घाटीमा लाग्न गई सोही चोटको कारण छटपटीदै अली मास्तिर गई ढले मैले छुरी अन्दाधुन्द चलाई नै राखे को कस्लाई कताकता लाग्यो मलाई थाहा भएन, सरोज भण्डारीको सबै जना साथिहरु मानिस लडेलडे भनी जोगाउन जादाँ म छुरी बोकी दायाँ बाया हर्दै भिडवाट बाहिर भाग्दा हामी संगै गएका ०४-५-ज र ०४-५-ञ ले सुजन भुजेललाई हिर्काईरहेको देखेको थिए,म केही पर पुगी छुरी दाबमा राखी वाटोमा निस्किदाँ नसिब सुब्बा र ०४-५-ट ले मलाई स्कुटीमा चढाई रतुवा खोलाको डिल सम्म पुऱ्याई दिएको हो। मैले बोकेको दाप सहितको चक्कु मेरो घर जाने वाटोको रातो होलिको पानीमा फालिदिए, पछि मेरो घर परिवारको मानिसहरुले घटना वारे थाहा पाई भाग्नु हुदैन आत्मासमर्पण गर्नुपर्छ भन्ने घर परिवारको सल्लाहा अनुसार मिति २०७६।४।११ गते विहान ०८:०० बजेको समयमा प्रहरी चौकी पेल्टिमारी तर्फ आउँदै गर्दा प्रहरी टोलीले भेटी मलाई नियन्त्रणमा लिएको हो कानुन बमोजिम सहन मन्जुर छु भन्ने ब्यहोराको बयान कागज।

१७. म जाहेरवाला मान बहादुर लिम्बु, मृतक बिक्रम लिम्बु र घाईते समेतलाई म चिन्दिन। प्रतिवादीहरु कोही मेरो स्कुलका साथि हुन् भने कोही गाउँ घरकै साथिहरु हुन्। फरार रहेको रुबेन मगर समेतलाई म चिन्दिन। मिति २०७६।४।९ गतेको दिन मेरो जन्म दिन परेकोले साथिहरुलाई घरमा बोलाई जन्मदिन मनाउनु परो भनि ऐ.७ गतेको दिन ०४-५-झ र ०४-५-घ लाई मेरो जन्मदिनमा आउनु ल, भनि निम्तो दिएको थिएँ भने अन्य साथिहरुलाई भन्न बाँकी नै रहेकोले मिति २०७६।४।८ गतेको दिन पनि बाँकी भएको साथिलाई बोलाउनु पऱ्यो भनि म र मेरो सानीमाको छोरा ०४-५-ढ साईकलमा केही साथिलाई बाटोमै भेटी निम्तो गर्दै अन्य साथिलाई

पनि निम्तो दिन जाँदै गर्दा हाम्रै घर नजिक दमक न.पा. वडा नं. १ भृकुटी टोलमा केटाहरुले ग्याङ्ग फाईट गरेछन् भन्ने हल्ला खल्ला सुनी म र भाई पनि को-को रहेछ भनि हेर्न जाँदा हाम्रै साथिहरु हाल पक्राउ परेका ०४-५-च समेतले सरोज भण्डारी समेतलाई कुटपिट गरी घाईते बनाई ज्यान मार्ने उधोग गरेका रहेछन्। हामी पुग्दा सबै जनालाई अस्पताल तर्फ लगि सकिएको थियो। पछि बुझ्दा हाम्रै साथिले निज सरोज भण्डारीको साथी बिक्रम लिम्बुको घाँटीमा धारीलो छुरी प्रहार गरी गम्भिर घाईते भएकोमा निज बिक्रम लिम्बुको अस्पतालमै मृत्यु भएको र सरोज भण्डारी र सुजन भुजेलको उपचार भई रहेको भन्ने सुने। निज बिक्रम लिम्बुलाई कर्तव्य गरी मार्ने हाम्रो साथिहरुलाई ईलाका प्रहरी कार्यालय दमक झापाका प्रहरीले पक्राउ गरेपछि मेरो नाममा समेत जाहेरी दरखास्त पर्न आएको भन्ने थाहा पाई म र मेरो भाई स्वयम् अभिभावकको साथ लागी उपस्थित भएको हुँ। पछि बुझ्दा साथि ०४-५-च र सरोज भण्डारी बिच फेसबुकमा बिवाद भएको र सरोज भण्डारीले झगडाको अघिल्लो दिन अर्का हाम्रो साथि ०४-५-ञ लाई कुटपिट समेत गरेकोले सोही रिसईवीको कारण वारदात मितिको दिन दुवै तर्फका साथिहरु बिच झगडा हुँदा ०४-५-ठ ले प्रहार गरेको छुरीबाट बिक्रम लिम्बुको मृत्यु भएको र अन्य साथिको कुटपिटको कारणबाट सरोज भण्डारी र सुजन भुजेल समेत घाईते भएको भन्ने थाहा भयो। साथिहरु सँग कहिले काही घुम्ने फिर्ने भएकोले गर्दा मात्रै मेरो नाम जाहेरीमा उल्लेख हुन सक्छ। म सो वारदातमा संलग्न छैन भन्ने ब्यहोराको बयान कागज।

१८. म परिबर्तीत ठेगाना १७(क) मा म संगै पक्राउमा परीआएका परिबर्तीत नाम ०४-५-ड को घरमा बस्दै आएको छु। जाहेरवाला मान बहादुर लिम्बु,मृतक बिक्रम लिम्बु र घाईते समेतलाई म चिन्दिन। प्रतिवादीहरु कोही मेरो स्कुलका साथि हुन् भने कोही गाउँ घरकै साथिहरु हुन्। फरार रहेको रुबेन मगर समेतलाई म चिन्दिन। मिति २०७६।४।९ गतेको दिन म बस्ने घरको दाजु परीबर्तीत नाम ०४-५-ड को जन्म दिन परेकोले साथिहरुलाई घरमा बोलाई जन्मदिन मनाउन भनि ऐ. ७ गतेको दिन ०४-५-झ र०४-५-घ लाई हामी संगै गई निम्तो दिएको थियौ भने अन्य साथिहरुलाई भन्न बाँकी नै रहेकोले मिति २०७६।४।८ गतेको दिन पनि बाँकी भएको साथिलाई बोलाउनु पऱ्यो भनि म र दाई ०४-५-ड साईकलमा गई केही साथिहरुलाई बाटैमा भेटी निम्तो गर्दै अन्य साथिहरुलाई निम्तो दिन जाँदै गर्दा अं.१५५० बजेको समयमा हाम्रो घर नजिक वारदात स्थल दमक न.पा. वडा नं. १ भृकुटी टोलमा पुग्दा केटाहरुले ग्याङ्ग फाईट गरेछन् भन्ने हल्ला खल्ला सुनी म र ०४-५-ड पनि को-को रहेछ भनि हेर्न जाँदा हाम्रै साथिहरु हाल पक्राउ परेका परिबर्तीत नाम ०४-५-ठ समेतले हाल नाम थाहा भएका बिक्रम लिम्बु सरोज, भण्डारी, सुजन भुजेल समेतलाई धारिलो छुरीले प्रहारी गरी, डण्डाले कुटपिट गरी घाईते बनाई उपचारमा लगी सकेका रहेछन्। हामी पुग्दा सबै जनालाई अस्पताल तर्फ लगि सकिएको थियो। पछि बुझ्दा निज घाईते बिक्रम लिम्बुको घाँटीमा धारीलो छुरी प्रहार गरी गम्भिर घाईते भएकोमा निज बिक्रम लिम्बुको अस्पतालमै मृत्यु भएको र सरोज भण्डारी र सुजन भुजेलको उपचार भई रहेको भन्ने सुने। निज बिक्रम लिम्बुलाई कर्तव्य गरी मार्ने हाम्रो साथिहरुलाई ईलाका प्रहरी कार्यालय दमक झापाका प्रहरीले पक्राउ गरी गरेपछि मेरो नाममा समेत जाहेरी दरखास्त पर्न आएको भन्ने थाहा पाई म र ०४-५-ड स्वयम् अभिभावकको साथ लागी उपस्थित भएको हुँ। पछि बुझ्दा साथि ०४-५-च र सरोज भण्डारी बिच फेसबुकमा बिवाद भएको र सरोज भण्डारीले झगडाको अघिल्लो दिन

अर्का हाम्रो साथि ०४-५-अ लाई कुटपिट समेत गरेकोले सोही रिसईवरीको कारण वारदात मितिको दिन दुवै तर्फ झगडा हुँदा ०४-५-ठ ले प्रहार गरेको छुरीबाट बिक्रम लिम्बुको मृत्यु भएको र अन्य साथिको कुटपिटको कारणबाट सरोज भण्डारी र सुजन भुजेल समेत घाईते भएको भन्ने थाहा भयो। सो वारदातमा संलग्न छैन् भन्ने ब्यहोराको बयान कागज।

१९. जाहेरवाला मान बहादुर लिम्बु मृतक बिक्रम लिम्बु समेतलाई चिन्दिन। अन्य घाईते सुजन भुजेल र सरोज भण्डारीलाई पहिले देखीनै चिन्छुँ। अन्य जाहेरी साथ उल्लेखित प्रतिवादीहरुलाई चिन्दछु। घाईते सरोज भण्डारीले आफ्नो दमक हिरोज ग्रुपको फेसबुक बाट सेक्री ब्रोदर्श एम.एफ.ग्रुपको मेरो साथी ०४-५-च लाई जहिल्यै सिङ्गल सिङ्गल आईज भनी च्याट मार्फत धम्की दिने गरीरहन्थ्यो, निज सरोज भण्डारीले तिमीसंग एक पटक सिङ्गल सिङ्गल फाईट खेल्न पाउने भए भनी खुशी भएर भगवानसंग १०/१२ चोटी ढोगेको छुँ भनेको कुरा मलाई सुनाएको थियो, मिति २०७६।४।७ गते म लगाएत ०४-५-ठ, ०४-५-छ ,०४-५-ङ, ०४-५-द, म, ०४-५-ण चुलाचुली स्कुलवाट फुटबल हेर्न भनि झापाको झिलझिले गई फुटबल हेर्दै गरेको अबस्थामा म सँगै रहेका ०४-५-छ को मोवाइलमा ०४-५-ञ ले फोन गरी मलाई आज बेलडागीको केटा सुजन भुजेलले कुटपिट गर्यो भनेर सुनाएका थिए। हामी झिलझीलेवाट साँझमा दमक फर्केर आयौं। म घरमा बसे साथिहरु पनि आ-आफ्नो घरतर्फ लागेका थिए। भोलि पल्ट मिति २०७६।४।८ गते ११:३० बजे ०४-५-च को घर अगाडी म, ०४-५-, ०४-५-ण, मनोज तोलाङ्गी बसिरहेको थियौं। एकछिनपछी ०४-५-ज हरु आएपछि हामी सबै जना कुमालचोक तर्फ गयौ, हामी सबै जना आज हाम्रो साथिहरुको फुटवल ग्याम झिलझीले हुन्छ हेर्न जानु पर्छ भन्ने सल्लाह गरी रहेका थियौ,पछी ०४-५-द हामी बसेको ठाउँमा आई आज फुटवल नहुने भयो भनि सुनायो। त्यसपछि म, ०४-५-द र ०४-५-ण समेत आफ्नो स्कुल गयौं। अं. १४:३० बजेको समयमा म समेत स्कुलबाट निस्की फुटबल प्राक्टिसको लागी भाङवारी स्कुल तर्फ जाँदै गर्दा बाटोमा उल्लेखित वारदात स्थलमा पुग्दा हामीले चिनेका तथा नचिनेका साथि मानिसहरु एकै ठाउँमा ग्रुप भई हो-हल्ला झै-झगडा गरे जस्तो लागी हामी पछिबाट पुग्दा मान्छे मरो भन्ने सबै जना भागाभाग गर्न थाले साथिहरु के-कता भागे मलाई थाहा भएन म चाहीं आफ्नो घर गएँ। पछि बुझ्दा हाम्रै साथिहरु मध्येका ०४-५-ठ ले धारीलो हतियार छुरीले जाहेरेवालाको छोरा हाल नाम थाहा भएको बिक्रम लिम्बुलाई घाँटीमा प्रहार गरी शख्त घाईते बनाएको र सोही वारदात स्थलमा ०४-५-ञ र ०४-५-ज समेतले सुजन भुजेललाई, ०४-५-च समेतले सरोज भण्डारीलाई के-कुन हतियारले वा हात मुक्काले कुटपिट गरी घाईते बनाए पश्चात उपचारको लागी अस्पतालमा लग्दा बिक्रम लिम्बुको सोही चोटको कारण मृत्यु भएको र अन्यको उपचार भईरहेको भन्ने सुनेको छुँ। पछि निज साथिहरुलाई प्रहरीले पक्राउ गरी ल्याए पछि साथिहरुलाई सोधपुछ गर्दा वारदात हुँदा म पनि पुगेको थिएँ भनि जानकारी गराएको र जाहेरवालाले समेत मेरो नाममा जाहेरी दिएको भन्ने थाहा पाई म अभिभावकको साथ लागी प्रहरी कार्यालयमा उपस्थित भएको हुँ भन्ने ब्यहोराको बयान कागज।

२०. म परिवर्तित वतन १७ (क) स्थित तुम्वा (ठुलो बुवा) को घरमा बस्छुँ। म सानै देखी होस्टेलमा बसेर पढ्दै आएको छुँ। जाहेरवाला मान बहादुर लिम्बु, मृतक बिक्रम लिम्बु र घाईते समेतलाई चिन्दिन। जाहेरी दरखास्तमा नाम उल्लेख भएको ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च,

०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ४-५-ठ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण र ०४-५-ध समेत मेरो गाउँ घर तथा स्कुलका साथिहरु हुन्। मिति २०७६।४।७ गते म लगाएत ०४-५-ठ, ०४-५-छ ,०४-५-ङ, ०४-५-ण स्कुलवाट फुटबल खेल्न भनि झापाको झिलझिले गई फुटबल खेल खेली सकेपछि म सँगै गएका ०४-५-छ को मोवाइलमा ०४-५-ञ ले फोन गरी मलाई आज बेलडागीको केटा सुजन भुजेलले कुटपिट गर्यो भनेर सुनाउँदा मैले सुनी थाहा पाएको थिएँ । सो दिन म खेलेको टिमले म्याच जितेकोले भोलिपल्ट पनि खेल हुने भएकोले हामी साथिहरु सबै जना जाने सल्लाह भएको थियो। हामी झिलझीलेवाट साँझमा दमक फर्केर आई स्कुलमा छिरेर फुटबलको जर्सी राखी म घर गएँ। भोलि पल्ट मिति २०७६।४।८ गते ११:३० बजे ०४-५-च को घर अगाडी ०४-५-त, ०४-५-, ०४-५-ण, मनोज तोलाङ्गी, ०४-५-ज हरु समेत झिलझिले जाने तयारी भईरहेको थियो। सो दिन पानी परेकोले फुटबल नहुने भन्ने मैले जानकारी पाएकोले मैले साथिहरुलाई आज फुटवल नहुने भयो भनि जानकारी गराएपछि म, ०४-५-त र ०४-५-ण समेत आफ्नो स्कुल गयौं। अं. १४:३० बजेको समयमा म समेत स्कुलबाट निस्की फुटबल प्राक्टिसको लागी भाङवारी स्कुल तर्फ जाँदै गर्दा बाटोमा उल्लेखित वारदात स्थलमा पुग्दा हामीले चिनेका तथा नचिनेका साथि मानिसहरु एकै ठाउँमा ग्रुप भई हो-हल्ला, झै-झगडा गरे जस्तो लागी हामी पछिबाट पुग्दा मान्छे मरो भन्दै सबै जना भागाभाग गर्न थाले साथिहरु के-कता भागे मलाई थाहा भएन म चाहीँ आफ्नो घर गएँ। पछि बुझ्दा हाम्रै साथिहरु मध्येका ०४-५-ठ ले धारीलो हतियार छुरीले जाहेरेवालाको छोरा हाल नाम थाहा भएको बिक्रम लिम्बुलाई घाँटीमा प्रहार गरी शख्त घाईते बनाएको र सोही वारदात स्थलमा ०४-५-ञ र ०४-५-ज समेतले सुजन भुजेललाई, ०४-५-च समेतले सरोज भण्डारीलाई के-कुन हतियारले वा हात मुक्काले कुटपिट गरी घाईते बनाए पश्चात उपचारको लागी अस्पतालमा लग्दा बिक्रम लिम्बुको सोही चोटको कारण मृत्यु भएको र अन्यको उपचार भईरहेको भन्ने सुनेको छुँ। पछि निज साथिहरुलाई प्रहरीले पक्राउ गरी ल्याए पछि साथिहरुलाई सोधपुछ गर्दा वारदात हुँदा म पनि पुगेको थिएँ भनि जानकारी गराएको र जाहेरवालाले समेत मेरो नाममा जाहेरी दिएको भन्ने थाहा पाई म अभिभावकको साथ लागी प्रहरी कार्यालयमा उपस्थित भएको हुँ भन्ने ब्यहोराको बयान।

२१. घटना मिति २०७६।४।८ गते दिनको अं.१५:३० बजेको समयमा म आफ्नो घर देखि पुर्ब पट्टीको साईडमा काम गरी बसी रहेको थिए। उक्त दिन कोही कसैलाई हुल बाधेर गएको हल्ला गरेको थाहा छैन्, म बिगत ९ बर्ष देखी बैदेशिक रोजगारमा बिदेशमा बसी हाल घर आएको हुँ। म त्यती घर गाउँका मानिसलाई चिन्दिन। उक्त दिन १५:५० बजेको समय तिर २० उमेर समुहका ३०/४० जनाको हुल एक आपसमा घर देखी दक्षीण पट्टीवाट झगडा गर्दै हानहान गर्दै हामि गाउँ टोलका मानिसहरुले होहल्ला गरे पछी ति हुल मध्येका २ जना केटाहरु मेरो घर अगाडी पट्टी आएर लडे भने ति हुलकै केटाहरुले आफ्नो लगाएको लुगा खोली १ जना भाईको घाटीको भागमा चोट लगेको स्थानमा कपडा कोचारी थुनी स्कुटीमा राखी लिई गए भने अर्को ढाडमा चोट लागेको केटालाई निजैहरुले समाउदै मुलवाटो तर्फ लिई गए, कसैको टाउको फुटेको थियो भने कोही यत्रतत्र भएर छरीएर भागे पछी हामी गाउँटोलका मानिसहरुले प्रहरीलाई तत्कालै जानकारि गराई प्रहरी टोली आई झगडा गर्न ल्याएको फलामको रड जस्तो सामान र बाँसको

आखला भएको डल्लो भाग बरामद गरी लिई गए। घटना सम्बन्धमा बुझ्दा ति दुबै समुहका छुट्टा छुटै मानिसहरु रहेको थाहा भयो। बुझ्दा हाल घाईते छन् र मृतक पक्ष मेरो गाउँको उत्तर पट्टीको केटा हुन् भने कुट्ने केटाहरु मेरो गाउँ देखी दक्षीण पट्टीका केटा हुन् निजहरु बिच जे जस्तो रिसईबी भए पनि छुरी हानी कोही कसैको ज्यान लिनु हुदैन थियो। को कस्ले के कुन हतियारले हानू घाईते बनाएका हुन्। घाईते र पक्राउ परेका मानिसहरुवाट बुझी गरे अनुसारको सजाय हुनु पर्छ, घाईतेको उपचार गरी दिनु पर्छ भन्ने ब्यहोराको चन्द्रमान नेम्वाङ्गको कागज।

२२. म जाहेरवाला, प्रतिवादी, घाईते, मृतक लगायतका ब्यक्तीलाई चिन्दीन। हाल बुझ्दा घाईते र मृतक पक्षका मानिसहरु हाम्रो गाउँ देखी उत्तर पट्टीका केटाहरु हुन् भने बिपक्षी भनीएका केटाहरु दमक तिरका हुन्। म घटना भएको दिन म आफ्नै घरमा काम गरी रहेको थिए। अं. १३:०० बजेको समय तिर उत्तरवाट दक्षीण तर्फ एकै नासका २० बर्ष उमेर देखी मुनीका केटाहरु झोला बोकी दक्षीण तर्फ गएका थिए। मैले ति केटाहरुलाई फुटवल खेल्न गईरहेको जस्तो अनुमान गरि रहेको थिए। अं.३ बजे भन्दा बेसी भएको समय तिर गएका हुल भएका केटाहरु मध्ये २ जना र मेरो घर भन्दा पुर्व पट्टी छिमेकीको घर साईडमा बसेको अबस्थामा गएका हुन मध्येका हुन् वा अर्का हुलका केटाहरु हुन् मैले चिनिन्, २ जना बसेका केटालाई ति हुन वाधिएका मानिसहरु मध्ये १ जनालाई तानी लछारपछार गरे पछी अन्य केटाहरु पनि आएका थिए। के कुन हुलका केटाहरु हुन् २ जना कुददै उत्तर तर्फ आइ मेरो घर अगाडी बाटोको छेउमा लडेको देखे, हामी गाउँ टोलका मानिसहरु हो हल्ला गरी भोला जम्मा हुदाँ हुन मध्येको केही मानिसहरुले सर्ट फुकाली लडेको केटाको घाटीमा वाधि रहेका थिए। ति केटाहरुले लडेको मानिसलाई वाटोवाट उठाई स्कुटीमा हालि लगे, अर्का घातेलाई समाउदै हिडाउदै पुर्ब तर्फ मुलवाटोमा लगे, अर्को टाउको फुटेको मानिस यता उता हिडिरहेको थियो, कसैको हातमा समेत चोट लगेको देखे, ति केटाहरु कता गए मलाई थाहा भएन, प्रहरी आई घटनास्थलवाट बाँस र फलामको चिज बस्तु समेत बरामद गरी लिई गयो। हाल बुझ्दा झगडा गर्ने भाइहरु एकै समुहका जस्तो लाग्थ्यो। उक्त दिन झगडा गर्छन् भन्ने कोही कसैले संका सम्म गरेको थिएन, निजहरु चुपचाप नै आएका थिए। निजहरुले के कुन कारण झगडा गरेको थाहा भएन्, को कस्ले को कस्लाई किन हिर्काएका हुन् मलाई थाहा भएन, निजहरुलाई कसुर अनुसारको सजाय हुनु पर्छ भन्ने ब्यहोराको प्रेमकुमारी अर्यालको कागज।

२३. जाहेरी दरखास्तमा उल्लेखित ०४-५-ढ, ०४-५-च, ०४-५-ज, ०४-५-ञ, मनोज तोलाङ्गी, ०४-५-ठ लाई चिन्दछु, रुबेन मगर, निजको साथ बिक्रम भन्ने ब्यक्ती अनिस लिम्बु, ०४-५-घ, ०४-५-ङ, ०४-५-छ, ०४-५-झ, ०४-५-ग, नसिब सुब्बा, ०४-५-द, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-ध, ०४-५-ड, ०४-५-ढ लाई चिन्दिन, ०४-५-ठ मेरो चिनजानको संगै पढने साथि हो। ०४-५-च ले मेरो साथि बेजिल धिमाललाई जैले कुटन् खोज्ने भनेको हुदाँ निजले मलाइ सो कुरा सुनाई बिपक्षी ०४-५-च लाई फेसबुक मार्फत बोलचाल हुदाँ निजले तिमी समेत अन्य साथिलाई लिई मिति २०७६।४।८ गते दमक १ स्थितमा बोलाएको हुदाँ उक्त दिन मैले मेरो साथीहरु सुरज क्षेत्री, समिर भण्डारी, मनिस राई, सनम लिम्बु, अबिसेक राई, किरण योगी, अरुण रानामगर, प्रज्वल लिम्बु र मृतक बिक्रम लिम्बु समेतलाइ लिई ०४-५-च ले बोलाएको स्थानमा

अं. १५:५० बजेको समयमा पुग्दा ति बिपक्षि ०४-५-च संग आएका साथीहरु मध्ये ०४-५-ठ, ०४-५-च, ०४-५-ज, ०४-५-ञ,मनोज तोलाङ्गी, रुबेन मगर, बिक्रम भन्ने ब्यक्ती अनिस लिम्बु अगाडी आएका थिए भने निज संग आएका उसैका साथिहरु ०४-५-घ, ०४-५-ङ, ०४-५-छ, ०४-५-झ, ०४-५-ग, ०४-५-द, ०४-५-ण,०४-५-त, ०४-५-ठ, ०४-५-ध थिए भने केही ब्यक्तीहरु ०४-५-ड, ०४-५-ढ समेत पछाडी थिए भने अगाडी ०४-५-च संग आएका रुबेन मगरलाई र मेरो साथी सुरज क्षेत्री झगडा नगरौ भनी सम्झाई बुझाई गरेको अबस्थामा ०४-५-च ले फलामको रोलमा धारीलो चिज जोडिएको बस्तुले मेरो टाउकोमा हान्दा म तर्कि टाउको बचाउदाँ मेरो दाहिने पाता र करङ्गको बिच भागमा लागी रोपी म सोही स्थानमा लडे भने मेरा साथी मलाई बचाउन आए भने ०४-५-च संग आएका साथिहरुले निजलाई साथ दिन आई अन्धाधुन्द जथाभाबि ति बिपक्षीहरुले बोकि ल्याएको धारीलो हतियारले हान्दा मेरो साथी बिक्रम लिम्बुलाई बिपक्षीका ०४-५-ठ ले घाटीमा प्रहार गर्दा साथी रन्थनिदै केही पर गई लडे, मेरा साथी सुरज क्षेत्रीले आफ्नो माथिको लुगा खोली बिक्रम लिम्बुको घाटीवाट आएको रगत रोकि दिदै थियो, अन्य साथिहरु पनि निज भएको स्थानमा दैडिदै आउन थाले म पनि लर्खरीदै उक्त स्थानमा आए, मेरा अर्का साथी सुजन भुजेलको टाउकोमा चोट लगी फुटी हामी भएकै ठाउमा आए, मेरो घाईते साथी बिक्रम लिम्बुलाइ साथिहरुले स्कुटीमा राखी दमक अस्पताल तर्फ लिई गए पछी मलाई र सुजन भुजेललाई साथिहरुले नै लाईफ लाईन अस्पताल लगी थप उपचारको लागी बिर्तामोड बिएण्डसि अस्पताल लगी हाल मेरो अबस्थामा सुधार भई हिड्डुल गर्न सक्छु, औषधि उपचार मेरो आफन्तले गरेका छन्, यसरी मिल्न भनी लाएका ०४-५-च समेतका ब्यक्तीहरुले धारीलो हतियार बोकी मलाई र मेरो साथीलाई घाईते बनाई साथी बिक्रम लिम्बुको ज्यानै लिने बिपक्षीहरुलाई कानुन बमोजिम कारवाही होस भने मेरो उपचार खर्चमा लागेको औषधि उपचार खर्च समेत निहरुवाटै दिलाई भराई पाउँ भन्ने ब्यहोराको घाइते सरोज भण्डारीको कागज।

२४. बिपक्षी ०४-५-ञ र ०४-५-ज को साथी ०४-५-च ले मेरो साथी सरोज भण्डारीलाई अब देखी हामी झै-झगडा नगरौ भनी फेसबुक मार्फत भनी मिल्न बोलाई म समेतलाई निज बिपक्षीहरुले दमक १ स्थित भृकुटी टोलमा बोलाएको हुदाँ म र मेरा साथीहरु सुरज क्षेत्री, समिर भण्डारी, मनिस राई, सनम लिम्बु, अबिसेक राई, किरण योगी, अरुण रानामगर, प्रज्वल लिम्बु र मृतक बिक्रम लिम्बुलाई लिई अं. १५:५० बजेको समयमा पुग्दा ०४-५-च ले बोलाएका निजैका साथीहरु ०४-५-ज, ०४-५-ञ, ०४-५-ठ, गेन्जि भन्ने रुवेन मगर, निजको साथी बिक्रम भन्ने अनिस लिम्बु, लगायतका मानिसहरु अगाडी थिए भने निजहरुकै अन्य साथीहरु ०४-५-घ, ०४-५-ङ, ०४-५-छ, ०४-५-झ, ०४-५-ग, ०४-५-द, ०४-५-ण,०४-५-त, ०४-५-ध, ०४-५-ड, ०४-५-ढ, ०४-५-थ समेतका केही ब्यक्तिहरु पछाडी नै थिए। अगाडी आएका ब्यक्तिहरु मध्ये ०४-५-च ले मेरो साथी सरोज भण्डारी संग घम्साघम्सी गरी झगडा गरी रहेका थिए, मलाई ०४-५-ज र ०४-५-ञ ले कुट्न तम्सि रहेका थिए, रुबेन मगर र निजको साथीलाई सुरज क्षेत्रीले सम्झाई रहेको थियो, यस्तैमा ०४-५-च ले साथी सरोज भण्डारीलाई फलामको रोलले टाउकोमा हान्दा साथीले टाउको बचाउदाँ ढाडमा लागी घाईते भई लडे, मेरा साथी बिक्रम लिम्बुले साथ दिन जादाँ बिपक्षीवाट आएका ०४-५-ठ ले आफ्नो साथीलाई साथ दिन आए सोही समयमा मलाई ति ०४-५-ज र ०४-५-ञ ले बोकि रहेको फलामको नक र रोलले टाउको हानी घाईते बनाई कुटी

रहेको अबस्थामा मेरो साथी बिक्रम लिम्बु,सरोज भण्डारी, ०४-५-च भएको ठाउवाट रन्थनिदै उत्तर तर्फ बचाउ बचाउ भन्दै पर गई बाटोमा लडे, बिपक्षी ०४-५-ठ उक्त स्थानवाट हतारीदै भाग्दै थिए। म र मेरो साथीहरु हार गुहार गर्दा साथी सरोज भण्डारी र बिक्रम लिम्बुलाइ बचाउन खोज्न आफ्नो लुगा खोली रगत थामी दिए, बिपक्षीमा मानिसहरु बागी गए, बिक्रम लिम्बुलाई साथीहरुले उपचारको लागी लाईफ लाईन अस्पताल ल्याए, मलाइ र सरोज भण्डारीलाई समेत साथिहरुलेनै उपचारको लागी पठाई दिए, मलाई ०४-५-ज र ०४-५-ञ ले टाउकोमा फलामको नक र रोलले प्रहार गरेको हो। साथी बिक्रम लिम्बुलाई ०४-५-ठ ले बोली ल्याएको छुरीले संवेदनसिल अंग घाटीमा रोपी सोही चोटको कारण साथीको मृत्यु भएको, ०४-५-च ले साथी सरोज भण्डारीको ढाडमा फलामको धारीलो चिज जोडिएको फलामको रोलले हानी घाईते बनाएको हो। साथी बिक्रम लिम्बुलाई छुरी प्रहार गर्ने ०४-५-ठ लाई बिपक्षी नसिब सुब्बा र ०४-५-ट ले रतुवा खोला बगर सम्म मोटरसाईकलमा राखी भगाउने काम गरे, उक्त झगडा २/३ मिनेट मात्र भएको थियो। अन्य बिपक्षीका साथीहरु उक्त वारदात भन्दा केही टाढै थिए। मेरो औषधि उपचार मेरो बुवाले नै ब्यहोरेको छ। मेरो उपचारमा लागेको खर्च समेत निज प्रतिवादीहरुवाटै दिलाई भराई पाउँ भन्ने ब्यहोराको घाइते सुजन भुजेलको कागज।

२५. जाहेरी दरखास्तमा उल्लेख गरिएको ०४-५-ग देखी ०४-५-ध र मनोज तोलाङ्गी, रुबेन मगर, निजकै साथि, अनिस लिम्बु, नसिब सुब्बा, बिक्रम लिम्बु समेत बिपक्षिका मानिसहरु हुन् ति बिपक्षी मध्येका सरोज भण्डारीलाई ०४-५-च ले अब उप्रान्त देखी हामी झै झगडा नगरौ भनी फेसबुक च्याट मार्फत मिति २०७६।४।८ गते बोलाई हामी समेत ति बिपक्षीहरुले बोलाएको स्थान तर्फ आउने क्रममा जिल्ला झापा दमक १ स्थित भृकुटी टोलको सार्वजनिक वाटोमा अं. १५:५० बजेको समयमा भेट भई ०४-५-च ले फलामको धारीलो हतियार रोल बोकेका थिए। ०४-५-ज ले फलामको नक, ०४-५-ञ ले फलामको नक र रोल, मनोज तोलाङ्गीले फलामको नक, रुबेन मगर र निज कै साथी बिक्रम भन्नेले खुकुरी, अनिस लिम्बुले वाँसको ठुटा, ०४-५-ठ ले झोला भिरी अगाडीका टोली थिए भने सो भन्दा पछाडी दोश्रो टोलीले हातमा कुनै हतियार नबोकी ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-छ, ०४-५-झ, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध, ०४-५-त, नसिव सुव्वा समेतका टोली थिए। अगाडीका समुहका ०४-५-च ले फलामको धारीलो हतियार जडित रोलले सरोज भण्डारीको टाउकोमा ताकी प्रहार गर्दा निजले छल्दा ढाडमा लागी रगताम्बे भई लडे, हामी संग गएका बिक्रम लिम्बुले साथ दिन गए भने ०४-५-ठ ले आफ्नो साथीलाई साथ दिन आएका थिए। ति ब्यक्तीले बिक्रम लिम्बुको घाटीमा धारीलो हतियारले हानी घाईते बनाई रगतलको धारो बगाउदै बचाउ बचाउ भन्दै उत्तर तर्फ आई लडे, ०४-५-ज र ०४-५-ञ ले सुजन भुजेललाई कुटपिट गरीरहेका थिए। बिपक्षीका मानिसहरु मेरो साथि बिक्रम लिम्बुको घाटीवाट आएको रगत देखी यत्रतत्र भाग्न थाले, मेरो साथिले बिक्रम लिम्बुलाई स्कुटरमा राखी उपचारको लागी अस्पताल तर्फ लगेकोमा सोही चोटको कारण सोही दिन मृत्यु भएको, साथी सरोज भण्डारी र सुजन भुजेललाई अन्य साथीहरुले उपचारको लागी लिई गए, सुजन भुजेल सोहि दिन डिस्चार्ज भई घर गए, सरोज भण्डारी थप उपचारको लागी बिएडसि हस्पताल बिर्तामोड लगी उपचार पश्चात घरै आएका छन्। मेरो साथिलाई छुरी हान्ने ०४-५-ठ लाई नसिव सुब्बा र ०४-५-ट ले स्कुटीमा राखी भगाउने सम्मको काम गरेका हुन्। पछी झगडा

पश्चात ०४-५-च र ०४-५-ङ ले मलाई रोलले हान्न खोजेको थियो यसरी मिल्न भनी बोलाई साथिलाई छुरी हानी ज्यानै लिने कार्य गर्ने प्रतिवादीहरुलाई कानुन बमोजिम कारवाही होस भन्ने ब्यहोराको समिर भण्डारीको कागज।

२६. मेरो साथि सरोज भण्डारी र सुजन भुजेल बिच बिपक्षी ०४-५-च संग पहिलानै बिवाद भई सोही बिवाद अब नगर्ने मिलौ भनी साथी सरोज भण्डारी र सुजन भुजेलले म समेत ८/९ जना साथीहरुलाई बोलाई लगेका थिए। जाने क्रममा जिल्ला झापा दमक १ स्थित भृकुटी गाउँको सार्वजनिक वाटोमा पुग्दा बिपक्षी ०४-५-च र निजसंग आएका निजै साथीहरु समेतको हुल अगाडी थिए। हुल मध्येका रुबेन मगर र मेरो साथी सरोज क्षेत्रीले झगडा नगरौ भन्दै थिए। ति रुबेन मगरले झोलामा केही चिज बस्तु बोकेको देखिन्थ्यो, ०४-५-च र मेरो साथी सरोज भण्डारी बिच ठेलाठेल हुदाँ निज बिपक्षीले बोकि ल्याएको फलामको धारीलो हतियार जडित रोलले टाउकोमा हान्दा साथि र्तकिदाँ ढाडमा लागी रगतै भई लडे, निजलाई साथ दिन बिक्रम लिम्बु गए, बिपक्षीका ०४-५-ठ पनि ०४-५-च लाई साथ दिन आई, बिक्रम लिम्बुको संवेदनसिक अंग घाटीमा धारीलो छुरी प्रहार गरी साथि लर्बराउदै उत्तर तर्फ आई लडे, सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले धारीलो बस्तुले कुटपिट गरीरहेको थियो। मैले खबर्दार ज्यान मर्ला भनी हो हल्ला गर्दा ०४-५-च संग आएका ब्यक्तीहरु भाग्न थाले भने बिपक्षीहरु संग आएका ब्यक्तीहरु परिवर्तित नाम ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ठ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध र रुबेन मगर, निजको साथी,अनिस लिम्बु र मनोज तोलाङ्ग भागी गए भने ०४-५-ठ लाई नसिब सुब्बा र०४-५-ट ले स्कुटीमा राखी रतुवा खोला सम्म पुर्‍याई दिएका हुन् भने ०४-५-ड र ०४-५-ढ पछी आएका थिए भन्ने मैले निजहरुलाई धेरै मानिसहरु भएकाले एकिन सात भन्न सक्दीन मेरो साथी बिक्रम लिम्बुलाई ०४-५-ठ ले हानेकै चोटको कारण निजको मृत्यु भएको हो । अन्य २ जना सरोज भण्डारी र सुजन भुजेल घाईते भएकोमा दुबै जना हाल हिड्डुल गर्न सक्छन्, उपचार निजहरुले नै गरेकाछन्, यसरी साथिलाई ज्यानै मार्ने र ज्यान मार्ने उधोग गर्ने प्रतिवादीलाई कानुन बमोजिम कारवाही हुनु पर्छ भन्ने ब्यहोराको अनिस राईको कागज।

२७. बिपक्षी ०४-५-ठ, ०४-५-ज, ०४-५-च, मनोज तोलाङ्गी, रुबेन भन्ने बास्तबिक नाम रुबेन मगर बोलाउने ग्याल्जी समेत भन्ने मानिस र निजकै साथी बिक्रम, अनिस राई, ०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-छ, ०४-५-झ, ०४-५-ञ, ०४-५-त, ०४-५-ट, ०४-५-ठ, ०४-५-ध, ०४-५-द लाई चिन्दछु भने अन्य भाईहरुलाई नामले चिन्दिन देख भेटे चिन्छु, ०४-५-च ले मेरो साथी सरोज भण्डारी र सुजन भुजेल बिच पहिला बिवाद भएको हुदाँ मिति २०७६।४।८ गते दिन दमक १ स्थितमा बोलाएको हुदाँ निज साथिले मलाई पनि जाउ तपाईले धेरै जनालाई चिन्नु हुन्छ, भनेकोले म पनि हुन्छ भनी साथीहरु संग अन्य बिक्रम लिम्बु, अबिसेक राई, किरण योगी, अरुण रानामगर, सोनाम लिम्बु, मनिस राई समेत भई वारदात स्थानमा अं. १५:५० बजेको समयमा पुग्दा बिपक्षी ०४-५-च संग ०४-५-ठ, ०४-५-ज, ०४-५-ञ, मनोज तोलाङ्गी, ज्ञान्जि भन्ने रुबेन मगर, निज कै साथी बिक्रम भन्ने अनिस लिम्बु, अगाडीको समुहमा आई हामीहरु त्यही अगाडी गए, म समेत सरोज ,सुजन र बिक्रम लिम्बु, समिर भण्डारी ति ब्यक्ति हरु संग भेट भई आएका

बिपक्षीको पहिलो समुहका ज्ञान्जि भन्ने रुबेन मगर झोलामा खुकुरी लुकाई बोकेका थिए। निजको साथी बिक्रमले झोला भिरेको निजहरु दुबै जनालाई झगडा नगरौ मिलौ भनी सम्झाई रहेको थिए बिपक्षी उपिङ् भन्ने मनोज तोलाङ्ग पनि निजहरु संगै नक बोकी अगाडी झगडा गर्न तम्सिरहेको थियो, निजहरुको बरीपरी ०४-५-ठ, ०४-५-ज, ०४-५-ञ र अनिस लिम्बु समेतले हातमा झोलामा धारीलो चिज बस्तु डन्डा बोकी मेरो साथी सरोज भण्डारी, सुजन भुजेललाई कुट्न तम्सि रहेक थियो, सम्झाई बुझाई रहेको थिए। यस्तै साथी सरोज भण्डारीलाई ०४-५-च ले फलामको रोलले टाउकोमा हान्दा तर्कि टाउको बचाउदाँ दाहिने पाता र करङ्गको बिच भागमा लागी रोपी सोही स्थानमा लडे भने सरोज भण्डारीलाई साथ दिन मेरो साथी बिक्रम लिम्बु गएको थियो भने बिपक्षीवाट ०४-५-ठ गएका आएका थिए। ति ०४-५-ठ ले बोकी ल्याएको धारीलो छुरीले साथि बिक्रम लिम्बुको घाटीमा प्रहार गर्दा साथी उक्त स्थानवाट उत्तर तर्फ लडे म साथिलाई बचाउन आफ्नो भेष्ट खोली रगत थामी रहेको थिए, सुजन भुजेललाई ०४-५-ज ०४-५-ञ ले कुटपिट गरीरहेको थियो, सोही वाटो हुदै समिर दावाँले स्कुटी चलाई उक्त स्थानमा आई पुग्दा मैले बचाउनु पर्‍यो अस्पताल तर्फ लगी दिनु पर्‍यो भनी निजलाई सहयोग मागी बिक्रम लिम्बुलाई सोही स्कुटीमा राखी लाईफ लाईन अस्पताल सम्म उपचार गराउदाँ सोही चोटको कारण साथीको मृत्यु भएको हो। अन्य २ जना सरोज भण्डारी र सुजन भुजेल उपचार पश्चात घरमै आएका छन्, निजहरुको उपचार आफैले गरेका छन्, उक्त दिन बिपक्षीहरु ०४-५-ठले छुरी,नक लुकाई बोकेको थियो, ०४-५-च ले फलामको धारीलो चिजबस्तु जोडीएको डन्ड ०४-५-ड ले ब्यागमा नक, ०४-५-ञ ले फलामको नक र रोल, मनोज तोलाङ्गिले झोलामा लुकाई हतियार, रुबेन मगर र निजको साथी बिक्रम भन्नेले खुकुरी, अनिस लिम्बुले बासको ठुटा बोकेका थिए। अन्यले के के बोकेका थिए देखीन्, मेरो साथिलाई कर्तब्य गरी मार्ने ०४-५-ठ हुन् भने साथीहरुलाई घाईते बनाउने ०४-५-च, ०४-५-ज, ०४-५-ञ लगायतका ब्यक्तीहरु हुन् निजहरुलाई कानुन बमोजिम कारवाही होस भन्ने ब्यहोराको सुरज चौहानको कागज।

२८. मेरो साथि सरोज भण्डारी र सुजन भुजेल बिच बिपक्षी ०४-५-च समेत संग पहिलाकै झगडाको बिषयलाई लिएर मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित भृकुटीचोकमा मिल्न भनी बोलाएकोमा साथी सरोज भण्डारी, सुजन भुजेल संग म प्रज्वल लिम्बु,अरुण रानामगर, किरण योगी, अबिसेक राई, मनिस राई, बिक्रम लिम्बु, समिर भण्डारी, सुरज क्षेत्री समेत भई गएका थियौ, जाने क्रममा वारदात स्थान दुर्गामन्दिर उत्तर सडक खण्डमा ऐ. १५:५० बजेको समयमा पुग्दा ति बिपक्षीहरुको पहिलो समुहमा आएका ०४-५-च, ०४-५-ज, ०४-५-ठ, ०४-५-ञ,मनोज तोलाङ्गी, रुबेन मगर, निजको साथी बिक्रम लिम्बु,अनिस लिम्बु आएका रहेछन्, दुबै पक्षका समुह भेट भई बाङबाङ बुङ्बुङ चल्दा म चाही अली पछाडी नै थिए। साथीहरु बिच हात हालाहाल भएछ, हाम्रा पक्षका सरोज भण्डारीलाई बिपक्षी ०४-५-च ले फलामको धारीलो हतियारले हानी घाईते बनाएको अबस्थामा बिक्रम लिम्बुले साथ दिन जादाँ बिपक्षी तर्फवाट ०४-५-ठ ले निजकै साथी ०४-५-च लाई साथ दिन आई बिक्रम लिम्बुलाई घाटीमा छुरा हानी सक्त घाईते बनाए भने अर्का साथी सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले डन्डा, नकले हानी घाईते बनाए, हाम्रा साथिहरु घाईतेहरुलाई अस्पताल तर्फ लगे घटना १/२ मिनेटमै छुरी हानाहान भएकोले को को थिए, अन्य मैले देखीन् तर बुझ्दा नसिब सुब्बा र ०४-५-ट ले छुरी हान्ने ०४-५-ठ लाई खोला सम्म

मोटरसाईकलमा राखी पुऱ्याई दिएको र ०४-५-ड र ०४-५-ढ आफ्नो जन्मदिनको निम्तो दिन भनी आएका भन्ने बूझियो, मेरो साथि बिक्रम लिम्बुलाई ०४-५-ठ ले प्रहार गरेकै छुरीको चोट वाट मृत्यु भएको हो। ०४-५-च ले हानेको फलामको रोलको चोटको कारण सरोज भण्डारी घाईते भएका हुन्। सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले फलामको नकले हानेको चोटको कारण घाईते भएको हो। यसरी बिपक्षीहरुले मेरो साथीहरुको ज्यानै सम्म लिने कार्य गरेको हुदाँ निजहरुलाई कर्तब्य ज्यान र ज्यान मार्ने उधोग अन्तर्गत कारवाही हुनुपर्छ भन्ने ब्यहोराको सोनाम आङदाम्बेको कागज।

२९. मेरो साथि सरोज भण्डारी र सुजन भुजेल बिच बिपक्षी ०४-५-च समेत संग पहिलाकै झगडाको बिषयलाई लिएर मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित भृकुटीचोकमा मिल्न भनी बोलाएकोमा साथी सरोज भण्डारी, सुजन भुजेल संग म प्रज्वल लिम्बु,अरुण रानामगर, किरण योगी, अबिसेक राई, मनिस राई, बिक्रम लिम्बु, समिर भण्डारी, सुरज क्षेत्री समेत भई गएका थियौ,जाने क्रममा वारदात स्थान दुर्गामन्दिर उत्तर सडक खण्डमा ऐ. १५:५० बजेको समयमा पुग्दा ति बिपक्षीहरुको पहिलो समुहमा आएका ०४-५-च,०४-५-ज, ०४-५-ठ, ०४-५-ञ, मनोज तोलाङ्गी, रुबेन मगर,निजको साथी बिक्रम लिम्बु,अनिस लिम्बु आएका रहेछन्,दुबै पक्षका समुह भेट भई बाङबाङ बुङ्बुङ चल्दा म चाही अली पछाडी नै थिए। साथीहरु बिच हात हालाहाल भएछ, हाम्रा पक्षका सरोज भण्डारीलाई बिपक्षी०४-५-च ले फलामको धारीलो हतियारले हानी घाईते बनाएको अबस्थामा बिक्रम लिम्बुले साथ दिन जादाँ बिपक्षी तर्फवाट ०४-५-ठ ले निजकै साथी ०४-५-च लाई साथ दिन आई बिक्रम लिम्बुलाई घाटीमा छुरा हानी सक्त घाईते बनाए भने अर्का साथी सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले डन्डा, नकले हानी घाईते बनाए, हाम्रा साथिहरु घाईतेहरुलाई अस्पताल तर्फ लगे घटना १/२ मिनेटमै छुरी हानाहान भएकोले को को थिए, अन्य मैले देखीन् तर बुझ्दा नसिब सुब्बा र ०४-५-ट ले छुरी हान्ने ०४-५-ठ लाई खोला सम्म मोटरसाईकलमा राखी पुऱ्याई दिएको र ०४-५-ड र ०४-५-ढ आफ्नो जन्मदिनको निम्तो दिन भनी आएका भन्ने बूझियो, मेरो साथि बिक्रम लिम्बुलाई ०४-५-ठ ले प्रहार गरेकै छुरीको चोट वाट मृत्यु भएको हो। ०४-५-च ले हानेको फलामको रोलको चोटको कारण सरोज भण्डारी घाईते भएका हुन्। सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले फलामको नकले हानेको चोटको कारण घाईते भएको हो। यसरी बिपक्षीहरुले मेरो साथीहरुको ज्यानै सम्म लिने कार्य गरेको हुदाँ निजहरुलाई कर्तब्य ज्यान र ज्यान मार्ने उधोग अन्तर्गत कारवाही हुनु पर्छ भन्ने ब्यहोराको किरण योगीको कागज।

३०. मेरो साथि सरोज भण्डारी र सुजन भुजेल बिच बिपक्षी ०४-५-च समेत संग पहिलाकै झगडाको बिषयलाई लिएर मिति २०७६।४।८ गतेका दिन दमक१ स्थित भृकुटीचोकमा मिल्न भनी बोलाएकोमा साथी सरोज भण्डारी, सुजन भुजेल संग म प्रज्वल लिम्बु,अरुण रानामगर, किरण योगी, अबिसेक राई, मनिस राई, बिक्रम लिम्बु, समिर भण्डारी, सुरज क्षेत्री समेत भई गएका थियौ, जाने क्रममा वारदात स्थान दुर्गामन्दिर उत्तर सडक खण्डमा ऐ. १५:५० बजेको समयमा पुग्दा ति बिपक्षीहरुको पहिलो समुहमा आएका ०४-५-च, ०४-५-ज, ०४-५-ठ, ०४-५-ञ,मनोज तोलाङ्गी, रुबेन मगर, निजको साथी बिक्रम लिम्बु,अनिस लिम्बु आएका रहेछन्, दुबै पक्षका समुह भेट भई

बाङबाङ बुङ्बुङ चल्दा म चाही अली पछाडी नै थिए। साथीहरु बिच हात हालाहाल भएछ, हाम्रा पक्षका सरोज भण्डारीलाई बिपक्षी०४-५-च ले फलामको धारीलो हतियारले हानी घाईते बनाएको अबस्थामा बिक्रम लिम्बुले साथ दिन जादाँ बिपक्षी तर्फवाट ०४-५-ठ ले निजकै साथी ०४-५-च लाई साथ दिन आई बिक्रम लिम्बुलाई घाटीमा छुरा हानी सक्त घाईते बनाए भने अर्का साथी सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले डन्डा, नकले हानी घाईते बनाए, हाम्रा साथिहरु घाईतेहरुलाई अस्पताल तर्फ लगे घटना १/२ मिनेटमै छुरी हानाहान भएकोले को को थिए, अन्य मैले देखीन् तर बुझ्दा नसिब सुब्बा र ०४-५-ट ले छुरी हान्ने ०४-५-ठ लाई खोला सम्म मोटरसाईकलमा राखी पुऱ्याई दिएको र ०४-५-ड र ०४-५-ढ आफ्नो जन्मदिनको निम्तो दिन भनी आएका भन्ने बूझियो, मेरो साथि बिक्रम लिम्बुलाई ०४-५-ठ ले प्रहार गरेकै छुरीको चोट वाट मृत्यु भएको हो। ०४-५-च ले हानेको फलामको रोलको चोटको कारण सरोज भण्डारी घाईते भएका हुन्। सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले फलामको नकले हानेको चोटको कारण घाईते भएको हो। यसरी बिपक्षीहरुले मेरो साथीहरुको ज्यानै सम्म लिने कार्य गरेको हुदाँ निजहरुलाई कर्तब्य ज्यान र ज्यान मार्ने उधोग अन्तरगत कारवाही हुनु पर्छ भन्ने ब्यहोराको अरूण रानामगरको कागज।

३१. मेरो साथि सरोज भण्डारी र सुजन भुजेल बिच बिपक्षी ०४-५-च समेत संग पहिलाकै झगडाको बिषयलाई लिएर मिति २०७६।४।८ गतेका दिन दमक १ स्थित भृकुटीचोकमा मिल्न भनी बोलाएकोमा साथी सरोज भण्डारी, सुजन भुजेल संग म प्रज्वल लिम्बु,अरुण रानामगर, किरण योगी, अबिसेक राई, मनिस राई, बिक्रम लिम्बु, समिर भण्डारी, सुरज क्षेत्री समेत भई गएका थियौ, जाने क्रममा वारदात स्थान दुर्गामन्दिर उत्तर सडक खण्डमा ऐ. १५:५० बजेको समयमा पुग्दा ति बिपक्षीहरुको पहिलो समुहमा आएका ०४-५-च, ०४-५-ज, ०४-५-ठ, ०४-५-ञ,मनोज तोलाङ्गी, रुबेन मगर, निजको साथी बिक्रम लिम्बु,अनिस लिम्बु आएका रहेछन्, दुबै पक्षका समुह भेट भई बाङबाङ बुङ्बुङ चल्दा म चाही अली पछाडी नै थिए। साथीहरु बिच हात हालाहाल भएछ, हाम्रा पक्षका सरोज भण्डारीलाई बिपक्षी०४-५-च ले फलामको धारीलो हतियारले हानी घाईते बनाएको अबस्थामा बिक्रम लिम्बुले साथ दिन जादाँ बिपक्षी तर्फवाट ०४-५-ठ ले निजकै साथी ०४-५-च लाई साथ दिन आई बिक्रम लिम्बुलाई घाटीमा छुरा हानी सक्त घाईते बनाए भने अर्का साथी सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले डन्डा, नकले हानी घाईते बनाए, हाम्रा साथिहरु घाईतेहरुलाई अस्पताल तर्फ लगे घटना १/२ मिनेटमै छुरी हानाहान भएकोले को को थिए, अन्य मैले देखीन् तर बुझ्दा नसिब सुब्बा र ०४-५-ट ले छुरी हान्ने ०४-५-ठ लाई खोला सम्म मोटरसाईकलमा राखी पुऱ्याई दिएको र ०४-५-ड र ०४-५-ढ आफ्नो जन्मदिनको निम्तो दिन भनी आएका भन्ने बूझियो, मेरो साथि बिक्रम लिम्बुलाई ०४-५-ठ ले प्रहार गरेकै छुरीको चोट वाट मृत्यु भएको हो। ०४-५-च ले हानेको फलामको रोलको चोटको कारण सरोज भण्डारी घाईते भएका हुन्। सुजन भुजेललाई ०४-५-ज र ०४-५-ञ ले फलामको नकले हानेको चोटको कारण घाईते भएको हो। यसरी बिपक्षीहरुले मेरो साथीहरुको ज्यानै सम्म लिने कार्य गरेको हुदाँ निजहरुलाई कर्तब्य ज्यान र ज्यान मार्ने उधोग अन्तरगत कारवाही हुनु पर्छ भन्ने ब्यहोराको अविसेक राईको कागज।

३२. घाईते सरोज भण्डारी मेरो छोरा हुन्। मिति २०७६।४।८ गते जिल्ला झापा दमक १ भूकुटी सार्वजनिक सडक खण्डमा मेरो छोरालाई बिपक्षी ०४-५-च ले पहिला देखी कुट्ने पिट्ने धम्कि दिने गरी रहेकोमा उक्त दिन साथीहरुलाई लिएर मिल्नको लागी बोलाएकोमा मेरो छोरा र उसका साथीहरु लिई निज बिपक्षीले बोलाएको ठाउँ वारदात स्थानमा आई पुग्दा ति बिपक्षीहरु हात हतियार लुकाई छिपाई झोलामा बोकी तयारीको साथ आई छोरालाई ०४-५-च ले उक्त दुबै पक्षका छोराका साथीहरुवाट छुट्याई केही वर ल्याई लुकाई ल्याएको फलामको धारीलो चिज जडान भएको फलामको रोलले टाउँकोमा प्रहार गर्दा छोराले टाउको वचाउदाँ ढाडको पछाडी फक्सो छेडी छातीलाई समेत चोट लाग्ने गरी मार्ने नियतले प्रहार गरी छोरा सोही स्थानमा लडे भनी छोराका साथिहरुलाई समेत ति बिपक्षीहरुले लुकाई ल्याएको फलामको रोल, नक, छुरी लगायतको चिजबस्तुले अन्दाधुन्द प्रहार गर्दा छोराको साथी सुजन भुजेल घाईते भए भने बिक्रम लिम्बुको संवेदनसिलअंग घाटीको अगाडीको भागमा लाग्न गई सोही चोटको कारण निजको मृत्यु भएको मेरो छोरालाई लाईफ लाईन अस्पताल हुदै बिएण्डसि अस्पताल बिर्तामोडमा थप उपचार गरी हाल छोराको स्वास्थ्य अवस्थामा सामान्य सुधार भई पुनः अस्पतालले बोलाएको छ। हाल सम्मको औषधि उपचार आफैले गरेको छु भने उपचार गरेको बिल भरपाई समेत यसै कागजात साथ पेश गरेकोछु। यसरी मेरो छोरा र छोराको साथीलाई घाईते बनाएको १ जनाको ज्यानै लिने बिपक्षीहरुलाई कारवाही हुनु पर्छ। हाल सम्मको छोराको उपचार खर्च ९९,४२७।-(उन्नानसय हजार चार सय सत्ताइस) समेतको कागजात पेश गरेको छु भन्ने ब्यहोराको लक्ष्मी भण्डारीको कागज।

३३. घाईते सुरज भुजेल मेरो छोरा हुन्। अर्का घाईते सरोज भण्डारी छोराका साथी हुन्। जाहेरीमा उल्लेखित गरीएको प्रतिवादी ०४-५-च र मेरो छोरा र छोराको साथी सरोज भण्डारी बिच पहिला देखीनै बिवादको कारण दुबै पक्ष मिलि दमक १ स्थितमा बोलाएको हुदाँ सोही स्थानमा छोरा र छोराको साथि समेत आउदाँ साथीहरु भेट भई कुराकानी गर्ने क्रममा दुबै पक्ष बिच अन्दाधुन्द हानाहान झगडा हुदाँ ति बिपक्षी मध्येका २ जना ०४-५-ज र ०४-५-ञ समेतले फलामको धारीलो चिज बस्तुले टाउकोमा हामी घाईते बनाए भने, मेरो छोराको साथी सरोज भण्डारीलाई ०४-५-च ले ढाडमा हानी घाईते बनाए, छोराको साथि बिक्रम लिम्बुलाई ०४-५-ठ ले धारीलो छुरीले घाटिमा नै हानी घाईते बनाई सोही चोटको कारण निजको मृत्यु भएको, मेरो छोराको अन्य साथीहरु समेतलाइ चोटपटक लागेको थियो भन्ने सुनेको हुँ। मेरो छोराको टाउँकोमा चोट लागी लाईफ लाईन अस्पतालमा उपचार पश्चात सोही दिन डिर्जाच गरी घर लगेको, छोराको अबस्था ठिक भई सकेको छ। उपचार खर्च म आफैले गरेको छु, यसरी मेरो छोरालाई झगडा नगरौ भनेर मिल्नको लागी बोलाएका ०४-५-च र निजले बोलाएका निजकै अन्य साथीहरु ०४-५-ठ, ०४-५-ज, ०४-५-ञ, मनोज तोलाङ्गी, रुबिन मगर, अनिस राई, नाम नखुलेका बिक्रम भन्ने ब्यक्ती र अन्य निजहरु संग आएका ०४-५-घ,०४-५-ङ,०४-५-छ,०४-५-झ,०४-५-ग,०४-५-ट,नसिब सुब्बा,०४-५-द,०४-५-ण,०४-५-त, ०४-५-ढ,०४-५-ड र ०४-५-ध र अन्य नखुलेका ब्यक्तीहरुको पहिचान गरी कारवाही होस मेरो छोराको औषधि उपचार गरेको बिल बमोजिमको रु.१२,४८०।-(बाह्र हजार चार सय असी) समेत निज प्रतिवादीहरुबाटै दिलाई भराई पाउँ भनी भिमबहादुर भुजेलले गरेको कागज।

३४. घाईते सुजन भुजेलको दमक अस्पतालमा घाउँजाच केश फारम गर्दा Healed injury over the parietal surface of head measuring of 2 cm, Type of weapon is blunt force भन्ने उल्लेख भएको घाँ जाँच रिपोर्ट।

३५. सरोज भण्डारीको दमक अस्पतालमा घाउँजाच केश फारम गर्दा Healed cut injury over the back right to vertebral side (line) measuring of 2x1cm, type injury knife, sharp force भन्ने उल्लेख भएको घाँ जाँच रिपोर्ट।

३६. वारदात मिति समयमा गाउँ टोलका मानिसहरु होहल्ला गरेको सुनी के कसो हो भनी हेर्न आउदाँ उक्त झगडा सार्बजनिक सडक वाटोमा उत्तर बेलडागी र ढुङ्गाना चोकवाट एक हुल १५/२० जनाको केटाहरु एक आपसमा धारीलो हतियार चिज बस्तुले हाना हान गरेको बुझे, केटाहरु १५/१६ बर्षका थिए। १ जना केटाहरु उमेर पुगेका २०/२२ बर्षका थिए। प्रहरी टोलीले घटनास्थल आसपासमा हात हतियार छन् कि भने खोजतलास गरी रहेको थियो, घटनास्थलमा बासको डल्लो, नक समेत बरामद गर्दै थिए। घटना सम्वन्धमा बुझ्दा ति केटाहरुको दुबै ग्रुपका केही केटाहरु हाम्रै गाउँटोलको वाटु हुदै हिडे डुलेको देखिन्थ्यो, एकिन नामथर वतन थाहा छैन्, हाल आएर बुझ्दाँ उत्तर तर्फवाट सरोज भण्डारी, सुजन भुजेल, सुरज बेजी, समिर भण्डारीबिक्रम लिम्बु, मनिस राई सनम लिम्बु, अबिसेक राई, किरण योगी, अरुण राना मगर, प्रज्वल लिम्बु समेतको अन्य नचिनेका ब्यक्तीहरु थिए भने बिपक्षीवाट परिवर्तित नाम०४-५-ग, ०४-५-घ, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-झ, ०४-५-ञ, ०४-५-ट, ०४-५-ठ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध र रुबेन मगर, निजको साथी,अनिस लिम्बु र नसिब सुब्बा,मनोज तोलाङ्ग लगायतका मानिसहरु बिच झगडा भएको दुबै तर्फका ब्यक्तीहरु को कस्ले के कुन हतियार बोकी ल्याएको थियो सो कुरा मलाई थाहा भएन, बुझ्दा ०४-५-ठ ले मृतक बिक्रम लिम्बुलाई छुरी प्रहार गरेको, ०४-५-च ले सोरज भण्डारीलाई फलामको रोलले हानी घाईते बनाएको थाहा भयो। यसरी बिपक्षीहरुले कसैको ज्यानै लिने गरी मार्ने घाईते बनाउने ब्यक्तीहरुलाई गरे अनुसारको सजाय हुनु पर्छ भनी प्राय एकै मिलान हुने गरी सन्देश अधिकारी, जंग बहादुर लिम्बु, भक्त कुमार लिम्बु समेतले खुलाई लेखाई दिएको बस्तुस्थिती मुचुल्का।

३७. उल्लेखित प्रतिवादीहरू समेतले एक अर्कामा मिलेमतो गरी योजना बनाई एक अर्कोलाई बोलाई धारिलो हतियार समेत लिई वारदात स्थलमा भेला जम्मा भई मृतक बिक्रम लिम्बूलाई कर्तब्य गरी मारेको र घाइते सरोज भण्डारी उपर यी प्रतिवादीहरू समेत भै ज्यानमार्ने उद्देश्यले हातहतियार प्रहार गरी ज्यानमार्ने उद्योगको वारदात घटाएको पुष्टि भएकोले निज प्रतिवादीहरु उपर कर्तब्य ज्यानतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) र ज्यानमार्ने उद्योगतर्फ १८३(१) बमोजिमको कसूरमा कर्तब्य ज्यानतर्फ ऐ. ऐनको दफा १७७(२) र ज्यानमार्ने उद्योगतर्फ १८३(२) बमोजिम सजाय हुनेमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(२) बमोजिम ६ महिनासम्म कैद सजाय वा बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखी पाउन, ०४-५-ग, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-ञ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२)

र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरी पाउन र परिवर्तित नाम ०४-५-झ, ०४-५-ट लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय गरी मृतकका नजिकका हकदारलाई मनाशिव क्षतिपूर्ति समेत भराई पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी।

३८. मिति २०७६।४।७ गते म घर बाहिर बसिरहेको अवस्थामा साथी परिवर्तित नाम ०४-५-ध मलाई कोरियाको रू. १०००।— को नोट भिज्न सक्छ राखिदेउ भनी दिएकाले बुबालाई राख्न दिए भोलिपल्ट २०७६।४।८ गते "ध" समेतका साथीहरू मेरो घरमा आउँदा उक्त पैसा ५०० ने.रू. मा थप १०० थपेर रू. ६०० मा मेरै बुबा सँग साटी गएका थिए। साथीहरूले "ध" को घरमा जाउ भनेकाले कुमाल चोकमा पुग्दा हाल पक्राउ परेका अन्य केटाहरू भेला भएर बसिरहेका थिए। "ध" र मनोज तोलाङ्गी पनि छुट्टिएर कता गए स्कुलका केहि साथीहरू "ञ" "ज" सँग सामान्य गफ गरेर भाङवारी तर्फ जाने बाटो तर्फ लागे हामी कृष्ण मन्दिर भन्दा अलिकति माथि पुग्दा मानिसहरू भेला भएको देख्यौ। हो-हल्ला गर्दै भागभाग गरेको देखेको हामीलाई कुमाल चोकबाट छुट्टिएका केटाहरू पनि हामी भए तिरै दौडिदै आएर पर झगडा भयो प्रहरीले खोज्दैछ तिमीहरू पनि भाग भनेको हुँदा हामी ३ जना पनि हामी सँगै भएका "ध" को घरतर्फ दौडेर गयौं। मैले भागाभाग हुँदा कोही घाइते भएको देखिन। मैले कसैलाई कुटपिट गर्न योजना बनाएको मिलेमत्तो गरेको छैन। भागाभागमा परेको चाँहीं हुँ भन्ने समेत व्यहोराको प्रतिवादी बालबिज्याईकर्ता परिवर्तित नाम ०४-५-ग ले अदालत समक्ष गरेको बयान।

३९. मिति २०७६।४।८ गते प्रतिवादी "ग" ले तिम्रो घरमा म पनि जान्छु भनेकाले मेरो साथी अनमोललाई फोन गरी सुत्ने ठाउँछ भनी सोद्धा छ भनेकाले सँगै जादै गर्दा बाटैमा "च" लाई प्रहरीले चिनेको र खोजिरहेको रहेछ क्यार हामी सबैलाई प्रहरीले समायो थानामा आएर सोद्धा झगडाको विषयमा पक्राउ परेको भन्ने थाहा पाएँ। तर मैले झगडा गरेको थिइन। मलाई झगडाको विषय नै थाहा छैन। मैले कसै सँग कुटपिट गर्न भनी योजना बनाएको मिलेमत्तो गरेको छैन। झगडा भएको कुटाकुट भएको मैले देखेको छैन म कुनै झगडामा सामेल नभएको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-घ ले अदालत समक्ष गरेको बयान।

४०. मिति २०७६।४।८ गते म आत्तिएर पेल्टीमारी जाँदै गर्दा बुबाले फोन गरी त्यो पर घटना भयो अरे तँ तुरून्त घर आइज भनेर फोन गर्नु भएपछि पनि पेल्टिमारीतर्फ जाँदै गर्दा अलिपर एक्कासी प्रहरी कताबाट आएर मलाई र "ग" लाई समाएको हो। मैले कसैसँग कुटपिट गर्न भनी योजना बनाएको मिलेमत्तो गरेको छैन। म घटनामा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी ०४-५-ङ ले अदालत समक्ष गरेको बयान।

४१. खै को कसले एउटा दमक हिरोज भन्ने फेसबुक ग्रुप बनाई त्यसमा मलाई सरोज भण्डारी, समिर, मनिस, संगित लगायतका साथीहरूलाई ग्रुपमा राखेको रहेछ। यी साथीहरू सँग मेरो पनि च्याट हुन्थ्यो। सरोज भण्डारीले यहि फेसबुकमा च्याट मार्फत मलाई सिंगल सिंगल भिड्छस भनी धेरै

चोटी भनेको थियो। यीनै सरोजले मिति २०७६।४।७ गते भाङवारी स्थित भृकुटी स्कुल आउनु भनी फेसबुकबाटै बोलाएकोमा झगडा गर्न बोलाएको होकी भन्ने लागी म त्यहाँ गइन। साँझ ६ बजेतिर "ञ" र "ड" मेरो घरमा आई मलाई सुजन भुजेलले भृकुटी स्कुलमा कुट्यो भोलिपल्ट २०७६।४।८ गते म र त भै मेरो डेरा घर जाँदै गर्दा मनोज तोलाङ्गी सँग भेट भयो अशोक राईको घरमा जादै गर्दा दुर्गा मन्दिर भन्दा लगभग २०० मिटर अगाडी म पुगेपछि ३० जना जति मैले चिनेका सरोज भण्डारी, सनम, सुजन भुजेल संगित गुरूङ्ग लगायतका भेट हुने बित्तिकै मलाई सरोज भण्डारीले सिंङ्गल सिंङ्गल खेल्छस यता आईज भन्दै तान्दै निजका साथीहरूले पनि तान्दै भाङवारी जाने बाटैबाट कच्ची शाखा बाटोतर्फ छिराई कसैले नकले कसैले रोलले त कसैले मुक्काले हाने। मैले कसैलाई कुटिन, लागेको डामको फोटो प्रहरीहरूले खिच्नु भएको छ। त्यसपछि म कसो कसो उम्किएर अलि पछाडी आउँदा मानिसहरूको भीड देखे एकजना मानिस लडिरहेको थियो। म दुर्गा मन्दिर तर्फ फर्कदै गर्दा अलिवर रूबेन मगर "ज" "ञ" मनोज तोलाङ्गी लगायत ८-९ जना जति बाटोको साइडमा उभिइ रहेका थिए। तीनीहरूले पनि भाग भाग भनी आपसमा मलाई पनि भनेको हुँदा रतुवा खोला तिर भाग्यौ रतुवा तरेर अलि पर हामीलाई प्रहरीले पक्राउ गर्यो। मैले कसैसँग कुटपिट गर्न योजना बनाएको मिलेमत्तो गरेको छैन मैले कसैलाई कुटपिट गरिन बरू उल्टै मैले कुटाई खाएको हुँ भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-च ले अदालत समक्ष गरेको बयान।

४२. मिति २०७६।४।८ गते केटा हो तिमीहरू यता किन आएको लु भाग प्रहरी आएर समाउछ भनेको हुँदा आफूले चिनेका केटाहरूले भाग भनेको हुँदा कुरै नबुझि हामी रतुवा खोलातिर भाग्यौ। रतुवा खोला तरेर अलि पर अर्को खोला तरेपछि प्रहरीले समायो। मैले कसैसँग कुटपिट गर्न भनी योजना बनाएको मिलेमत्तो गरेको छैन। झगडा भएको कुटाकुट भएको मैले देखेको पनि छैन, लहै हलैमा लागि फोकटमा भागेकाले पक्राउ परियो। के गर्ने के नगर्ने थाहा पत्तै नभई घटना बारे कुरै नबुझि नभाग्नु पर्ने रहेछ। म कुनै समुहमा त्यो ठाउँमा गएकै छैन। प्रहरी कार्यालयमा आएपछि मात्र मानिस मरेको र घाइते भएको भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-छ ले अदालत समक्ष गरेको बयान।

४३. मिति २०७६।४।८ गते साइकलमा मेरो घर जाँदै गर्दा दुर्गा मन्दिर अलि अगाडी भीडभाड देख्यौ। मेरो साइकलको पछाडी बस्ने "ञ" लाई सुजन भुजेलले साइकल मै बसि हिडिरहेको बेलामा एक्कासी हातले तान्यो कता हान्यो मैले देखिन त र "ञ" लड्यो साइकल पनि लड्यो, मैले साइकल हतार हतार उठाएर अभिषेकलाई पनि साइकलमा चढाएर अघि गएकै बाटो फर्कियौ। खै किन हो अभिषेक आतिदै मेरो साथीको घर जाँउ भनेकाले सिटी चढेर बसपार्क गयौं, अर्को एकजना मैले नचिनेको केटा समेत ३ जना भै बस चढेर बिर्तामोड "ञ" को साथीकोमा गयौं। त्यहीबाट हामी तीनै जना पक्राउ परेका हौं। म घटना भएको भनिएको ठाउँमा पुगेकै छैन पक्राउ परेर प्रहरी कार्यालयमा आएपछि भोलिपल्ट मात्र मैले झगडा परेछ कुटाकुट भएछ भन्ने थाहा पाएँ मैले कुनै झगडा कुटाकुट गर्न योजना बनाएको मिलेमत्तो गरेको छैन। घाइते कसैलाई देखिन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-ज ले अदालत समक्ष गरेको बयान।

४४. मिति २०७६।४।८ गते कुमाल चौक तर्फ एक हुल केटाहरू कुद्दै आए मैले भाग भनेको मात्र

सुनें, पुलिसले पक्रन्छ भन्ने कुरा सुनेपछि म आत्तिएर तिनै केटाहरू कुदेतिर आँखा सिविर तिर कुदें। म समेत "ज" र "ञ" पक्राउ परेका हौं। मैले कसैसँग कुटपिट गर्न भनी योजना बनाएको मिलेमत्तो गरेको छैन, झगडा भएको कुटाकुट भएको मैले देखेको छैन, मानिसहरू भागीरहेकोमा कुरै नबुझि नभाग्नु पर्ने रहेछ के गर्ने के नगर्ने पत्तै भएन। भाग भाग भनि हुलका मानिसहरूले भन्दा डराएर भागियो भएको यहि हो घटना बारे मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-झ ले अदालत समक्ष गरेको बयान।

४५. मैले कसैसंग झगडा गरेको छैन। कसैसंग कुटपिट गरेको पनि छैन, कसैलाई कुटपिट गर्ने सल्लाह पनि गरेको छैन, २०७६।४।७ गते मैले कुटाई खाएपछि "ज" लाई मैले फोन गरी मलाई एउटा नचिनेको सुजन भन्नेले कुट्यो भनी सुनाएको सम्म चै थिए तर भेला भै कुटपिट गर्न जाने सल्लाह भएको होइन। सुजनले मलाई कुटेको बेला अरू कसैबीच कुटपिट भै रहेको मैले देखिन सामान्य झगडा भएको जस्तो चै थियो भन्ने समेत व्यहोराको प्रतिवादी बालबिज्याईकर्ता प्रतिवादी परिवर्तित नाम ०४-५-ञ ले अदालत समक्ष गरेको बयान।

४६. मिति २०७६।४।८ गते नसिव दाईको मामा घरमा नभेटेपछि घरतिर फर्कदै गर्दा बाटोमा मेरो साथी ०४-५-ठ लाई भेट्यौ र नसिब सुब्बाको स्कुटरमा हामी ३ जना चढी बरगाछीमा ०४-५-ढ लाई छाडी म नसिब दाईको घरबाट एक्लै हिड्दै आफ्नो घरसम्म गएको हो घटना कसले घटायो कसरी घटायो कसलाई के भयो मलाई केहि पनि थाहा जानकारी छैन। मेरो समेत मिलेमत्तोमा एक अर्कामा मिली योजना बनाई बोलाई धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी नमारेको र कसैलाई कुटपिट समेत नगरेको हुँदा यसमा को कसको संलग्नता छ मलाई थाहा छैन घटनामा मेरो संलग्नता छैन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम "०४-५-ट" ले अदालत समक्ष गरेको बयान।

४७. मिति २०७६।४।८ गतेका दिन दिउँसो १:३० बजेको समयतिर मलाई सरोज भण्डारीले फोन गरी म तिम्रो एरियामा छु तिम्रो ममिले तिमिलाई जन्माएको हो तिमी मर्द हौ भने म तिम्रो एरियामा छु भाङवारी स्कुलमा आउ भनेपछि म एक्लै रूकित माझीको घरमा मैले लुकाएर राखेको छुरी निकाली साथमा बोकी सरोजले बोलाएको ठाउँमा पुग्दा मेरो साथी प्रतिवादी परिवर्तित नाम ०४-५-च लाई सरोज भण्डारीले हातले र मनिस राईले मोटरसाइकलको सकपले ढाडमा हान्दै थियो विक्रम लिम्बूले (मृतक) बाइकको चेनले कुटदै थियो अरू पनि ६-७ जना सबैले मेरो साथीलाई कुटदै थिए। मैले उनीहरूबाट मेरो साथी परिवर्तित नाम ०४-५-च लाई छुटाउन खोज्दा मलाई सरोज भण्डारीले कन्चटमा एक वक्सिङ हान्यो। सरोज भण्डारीका सबै साथीहरूले खुकुरी रोल, नक, बास, धाराको पाइप बोकेका थिए। मलाई सरोजले कुटेपछि मैले हात फर्काउन खोज्दा निजले मेरो कम्मरमा बोकेको खुकुरी निकालेर हान्न खोज्दा म पछि सरे त्यसपछि आफ्नो सुरक्षकालागि आफूले बोकी ल्याएको छुरी निकालेर हान्दा सरोजको ढाडमा लाग्यो, हातमा नक लगाएर विक्रम लिम्बू दौडेर मलाई हान्न आयो। म पनि हातमा छुरी तेर्सो पारेर २/४ पाहिला अघि सर्दा मैले तेर्सो पारी राखेको छुरी विक्रम लिम्बूको घाटीमा लागेको हो छुरी निस्केपछि छुरी लागेको ठाउँबाट रगत निस्कियो। विक्रम लिम्बूले घाटीमा हातले समाउदै उत्तर तिर गयो। रगत देखेपछि मलाई डर लाग्यो म आतिए सुजन भुजेल चाही मलाई कुट्न आउदै थिए। कुटपिट पनि गरे कता कुटे म

आतिएको र लटपटी सकेको हुँदा मलाई खासै थाहा भएन। फुलवारीमा भएको बाँसको भाटा टिपेर सुजन भुजेलको टाउकोमा एक पटक हानेको थिए। त्यति भएपछि म भाग्दैबीच बाटोमा पुग्दा सुजन भुजेल सरोज भण्डारी विक्रम लिम्बू पट्टिका २०-२५ जना मानिसहरू मान्छे लडो भन्दै घटना भएतिर कुद्दै थिए। बीचमा म बिस्तारै हिड्दै थिए सोही वखत नसिव सुब्बा र गौरभ धिमाल रातो स्कुटरमा आउदै थिए मलाई वरगाछीसम्म पुऱ्याई छाडी दिनुभयो २ दिनपछि मेरा साथीहरूलाई प्रहरीले पक्राउ गरेको सुनेपछि भएको घटना घरमा सुनाए घरबाट त्यसो भए भागेर हुदैन भनी प्रहरीलाई फोन गरी उनीहरू संगै म गएको हो। मैले अन्जानमा नै गल्ती गरेको हुँदा मलाई कानून बमोजिम सजाय होस भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले अदालत समक्ष गरेको बयान।

४८. प्रतिवादी ०४-५-ग, ०४-५-घ, ०४-५-ङ र ०४-५-छ, ०४-५-झ, ०४-५-ज, ०४-५-ञ, ०४-५-ढ र ०४-५-द मात्र मेरा साथी हुन। ०४-५-झ चाही गाउँका साथी हो। "ढ" भाई हो। अरू स्कुलका साथी हुन। यी बाहेक म कसैलाई चिन्दिन। म घटनास्थलमा घटना भईसकेपछि मात्र पुगेको हुँ। त्यो पनि मेरो आन्टिलाई मेरो जन्मदिन भएकोले बोलाउन भनी जाँदा बाटो पर्ने भएकोले मात्र त्यहाँ पुगेको हुँ। मेरो ग्याङ फाइट गर्ने बारे कसैसँग सल्लाह भएको थिएन। मलाई घटना भएको भनिएको ठाउँमा मेरा साथीहरू भेला भएको भन्ने कुरा थाहै थिएन। म घटनामा संलग्न छैन, घटना कसरी भयो, के भयो, को घाइते भयो, कसले घाइतेलाई कता लगे म जान्दिन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-ड ले अदालत समक्ष गरेको बयान।

४९. मिति २०७६।४।९ गते मेरो ठूलो ममीको छोरा परिवर्तित नाम "ड" को जन्मदिन भएको हँदा मिति २०७६।४।८ गते दिउँसो लगभग ११ बजेतिर मेरो ठूलो बुबाले म र मेरो दाजुलाई समेत दमक बजारमा एउटा भेष्ट किनिदिई ठूलो बुबा अफिस जानुभयो। हामी दाजुको वर्थडेको निम्तो गर्न भनी साइकलमा चढेर शान्ता आन्टी र रेन्चुहाङ्ग लिम्बूको घरतर्फ जाँदै गर्दा बाटोमा भिडभाड भएको देखि त्यहाँ रहेका मानिसहरूलाई सोद्धा अलि अगाडी केटाहरू कुटाकुट गरे भनेर सुनाएका थिए। को कसले कसलाई कुटे मलाई थाहा छैन। मैले कसैलाई कुटपिट नगरेको र कसैसँग मिलेमत्तो नगरेको योजना नबनाएको हुँदा मलाई सजाय हुनुपर्ने होइन, मलाई कसैले झगडा हुदैछ भनी बोलाएको खबर गरेको पनि थिएन। म घटनामा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी ०४-५-ढ ले अदालत समक्ष गरेको बयान।

५०. उक्त मितिमा म वारदात स्थलमा नभई आफ्नै घरमा थिएँ। म मृतक विक्रम लिम्बूलाई चिन्दिन, घाइते सरोज भण्डारीलाई पनि म चिन्दिन। मृतक विक्रम लिम्बूलाई कसले कर्तव्य गरी मारे कुन कुन हतियार प्रयोग गरेर मारे घाइते सरोज भण्डारीलाई को कसले ज्यान मार्ने उद्योग गरे मलाई केहि पनि थाहा छैन। म घटनास्थलमा गईन र लास पनि हेरिन यस बारेमा मलाई केहि पनि थाहा छैन भन्ने समेत व्यहोरा प्रतिवादी मध्येका परिवर्तित नाम ०४-५-ण ले अदालत समक्ष गरेको बयान।

५१. मैले कुटाकुट भएको देखेको छैन। म समेत "द" अनिस, विवेक राई, "ण" ओमप्रकाश, सस्वात, गिदन लिम्बू, निश्चल राई, वेगम तुम्रुक गरी १० जना घटना भएको भनिएको ठाउँमा पुग्दा

स्थानीय मानिसहरू जम्मा भएका थिए र त्यहाँ मात्र घटनाको बारेमा थाहा पाएका हौं। घटनाको बारेमा थाहापाएपछि चै हामी आ-आफ्नो घर गयौ। म रतुवा खोलातिर गएको छैन, को कसले कसलाई केले कुट्यो थाहा भएन म घटनामा संलग्न छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-त ले अदालत समक्ष गरेको बयान।

५२. म घाइतेलाई चिन्छु, मृतकलाई चिन्दिन, प्रतिवादीहरू ०४-५-ग, ०४-५-घ, ०४-५-छ, ०४-५-ज, ०४-५-ञ, ०४-५-ड, ०४-५-द, ०४-५-त एउटै स्कूलमा पढ्ने केटाहरू हुन। म समेत अनिस खड्का, विशेष राय "त" अश्वत, ओमप्रकास, गिदन लिम्बू गरी १० जना जति घटना भएको छेउमा पुग्दा मात्र घटनाको बारेमा थाहा पाएका हौं। घटनाका बारेमा थाहा पाएपछि आ-आफ्नो घर गयौं। को कसले कसलाई केले कुट्यो मैले देखेको छैन म घटनामा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-द ले अदालत समक्ष गरेको बयान।

५३. उक्त मितिको वारदातमा म घटनास्थलमा पुगिन मान्छे मरेको र घाइते भएको भन्ने मैले पनि गाँउ घरमा सुनेको हुँ। को कसले कसलाई मारे कसलाई घाइते बनाए भन्ने कुरा मलाई थाहा भएन। मर्ने मानिस र घाइते हुने मानिसलाई म चिन्दिन। म धान गोडन गएको थिएँ। त्यसैले म घटनास्थलमा गईन। परिवर्तित नाम ०४-५-घ मात्र चिन्छु सो बाहेकका अरू प्रतिवादीहरूलाई चिन्दिन। मेरो साथी ०४-५-घ ले किन पोल गरे मलाई थाहा भएन, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का बरामदी मुचुल्का व्यहोराको बारेमा मलाई थाहा भएन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ध ले अदालत समक्ष गरेको बयान।

५४. वारदातको क्रममा घाइते हुने सरोज भण्डारी र सुगन भुजेल, तथा वारदात देख्ने चन्द्रमान नेम्बाङ्गको कागजबाट हेर्दा यी प्रतिवादीहरू र मृतक एवं घाइते पिडितबीच दोहोरो कुटपिट हुदा जाहेरवालाको छोराको निधन भएको देखिन्छ। प्रतिवादीहरू र मृतक एवं घाइते बीचमा मार्नुपर्ने पूर्व रिसइवी नभएतापनि प्रतिवादीहरूले आफ्नो साथमा हतियार लिइ गएको देखिदा र प्रतिवादी मध्येका परिवर्तित नाम ०४-५-ठ ले प्रहार गरेको चक्कुले मृतकको घाटीमा लागी निज मरेको कुरा स्थापित छ। सो वारदातमा अनुसन्धानमा गरेको मौकाको बयानमा परिवर्तित नाम च, ज, ञ, ङ, छ, ग समेत वारदातमा उपस्थित भएको देखिन्छ। अन्य उपस्थिति देखिदैन तर वारदातको प्रकृति हेर्दा दोहोरो भिडन्त रहेको र स्वय मृतक पक्षका साथीहरूले झगडा गर्न उक्साएको कारण वारदात भएको देखिदा तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरूले अभियोग मागदावी बमोजिमको कसुर गरेको भन्ने मनासिवक आधार नभएकाले यी प्रतिवादीहरू ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, त र द लाई पुर्पक्षको निमित थुनामा राख्ने प्रयोजनकोलागि वाल सुधार गृहमा पठाउनु पर्ने अवस्थाको देखिएन। तसर्थ पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल नाबालक प्रतिवादीहरूलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४(३) बमोजिम अदालतले खोजेको वखत नियमित तारेखमा उपस्थित हुने गरी निजहरूको अभिभावकको जिम्मा लगाई दिनु भन्ने समेत व्यहोराको यस अदालतको आदेश।

५५. वारदात मिति र समयमा म आफ्नै काममा गएको थिए। यी प्रतिवादीहरू र मेरो छोराहरूबीच के कसरी झगडा भएको मलाई थाहा भएन मैले घटनाबारे थाहा पाई जाँदा छोराको लास मात्र भेटेको हो। को कसले मारेको मलाई यकिन भएन पछि बुझ्दा परिवर्तित नाम ०४-५-ठ ले मारेको भनी

थाहा पाए। को कसको संलग्नता थियो भन्ने यकिन खुलाउन सक्तिन भन्ने समेत व्यहोरा जाहेरवाला मान बहादुर लिम्बुले अदालतमा गरेको वकपत्र।

५६. वारदात मिति भन्दा एक दिन अघि प्रतिवादी परिवर्तित नाम ०४-५-ञ लगायत निजका साथीहरुले सुजन भुजेल र निजका साथीहरूलाई कुटपिट गरेका थिए सोही विषयमा मैले प्रतिवादी परिवर्तित नाम ०४-५-च लाई झगडा नगरौ मिलुम भनी हामी जाँदा उनीहरूपनि निकैजना आएका थिए। त्यतिकैमा मिलुम भन्ने क्रममा मलाई प्रतिवादी परिवर्तित नाम ०४-५-च ले पछाडीबाट फलामको रोल जसमा छेड्ने नक पनि थियो, सो हतियारले मलाई पछाडीबाट हान्दा मैले देखेर तर्किदा तर्किदै मलाई ढाँडमा लागेर म भूइमा लडे। सो पश्चात म लडेर उठन नसकेपछि यी प्रतिवादीहरूको ग्रपले मेरो साथीहरूलाई जथाभावी हान्न थाले। सो पछि मृतकलाई प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले छुरीले हानेको पनि देखेको हुँ। सो पश्चात मृतक रन्थनिएर लडेपछि साथीहरूले अस्पताल लगेको हो उक्त घटनामा परिवर्तित नाम ०४-५-ज, परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी थिए अन्य धेरै थिए तर नाम थाहा छैन भन्ने समेत व्यहोरा घटना विवरण/घाइते सरोज भण्डारीले अदालतमा गरेको वकपत्र।

५७. वरदात भन्दा एक महिना अघि स्कुलबाट फर्कदै गर्दा परिवर्तित नाम ०४-५-ञ, ज लगायत १५/२० जना स्कुलकै युनिफर्ममा निस्केर मलाई एक्कासी कुटन थाले। मेरो मोबाइल फुटाएर कुटपिट गरेपछि एकछिनमा सरी सरी भनी माफी पनि मागे सो पछि मैले प्रहरीमा रिपोर्ट पनि गरेको थिए। त्यतिकैमा एक महिना पछि प्रस्तुत वारदातको अघिल्लो दिन मलाई कुटन भनी बेलुकाको समयमा मेरो घरमा समेत आएका थिए। वारदातको दिन उक्त झगडा मिल्ने भनी मलाई परिवर्तित नाम ०४-५-च ले बोलाएपछि हामी मिल्ने भनी जाँदा प्रतिवादी परिवर्तित नाम ०४-५-ज र परिवर्तित नाम ०४-५-ञ ले पछाडीबाट नक र फलामको रोलले हानेपछि म लडे सो पश्चात मेरो साथी सरोज भण्डारीलाई ०४-५-च ले पछाडीबाट रोलमा एट्याच् गरेको तिखो हतियारले पछाडीबाट हानेपछि निज साथी पनि लडेको हो। सो पश्चात मेरो साथी मृतक विक्रम लिम्बुलाई प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले भालाले रोपेपछि निज मृतकको शरीरबाट अत्याधिक रगत बगेपछि प्रतिवादीहरू सबै भाग्न थाले। सो पछि मृतक विक्रम लिम्बुलाई उठाई लगेका हुन। उक्त घटनामा परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी रूबेन राई लगायत १५/२० जना थिए तर सबैको नाम भने थाहा छैन भन्ने समेत व्यहोराको घटना विवरण/घाइते का सुजन भुजेलले गरेको वकपत्र।

५८. वारदातको दिन मेरो छोरा सरोज भण्डारी बजारतिर गएको थियो दिउसो तिर प्रहरीहरू मेरो घरमा आई छोरा कहाँ हुनुहुन्छ भनी सोधे मैले बजार गएको छ भनी भन्दा वहाँहरूले तपाईको छोरा घाइते भई दमकस्थित लाइफलाइन अस्पतालमा छ भनी भन्नुभयो सोपछि उक्त अस्पतालमा जाँदा बिर्तामोडको बि एण्ड सि अस्पताल उपचारको क्रममा लगिसकेका रहेछ मैले घटनाबारे सुनेअनुसार मृतक विक्रि लिम्बुलाई परिवर्तित नाम ०४-५-ठ ले मेरो छोरा सरोज भण्डारीलाई परिवर्तित नाम ०४-५-च ले फलामको रडले हानेको भनी थाहा पाए। घटनामा अन्य को कसको संलग्नता थियो मलाई थाहा भएन भन्ने समेत व्यहोराको घटना विवरणका लक्ष्मी भण्डारीले गरेको वकपत्र।

५९. वारदातको दिन यी परिवर्तित नाम ०४-५-त घटनामा संलग्नता छैन यी प्रतिवादी उक्त मितिमा

बोडिङको स्कुलको शिक्षक विनोद सरसँग फुटबल प्राक्टिसको लागी खेल्न जाँदै गर्दाको अवस्थामा दमक-१ दुर्गा मन्दिर छेउमा जाँदै गर्दा झगडा भइसकेको र थाहा पाई आफ्नो घर फर्किएर आएका हुन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-त का साक्षी मन्जु राईले गरेको वकपत्र।

६०. वारदातको मिति र समयमा निज म सँगै थिए। घटना घटेको हल्ला सुनेर के रहेछ भनी यी प्रतिवादी घटना भएतिर जाँदा घटना घटिसकेको थाह पाई यी घर फर्कदै गर्दा अन्य प्रतिवादीहरू साथी साथी भएकाले यी प्रतिवादीलाई समेत प्रहरीले पक्राउ गरेको हो यी प्रतिवादीको घटनामा संलग्नता छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ग का साक्षी थाम बहादुर सारू मगरले गरेको वकपत्र।

६१. प्रस्तुत घटनामा यी प्रतिवादी सांकेतिक नाम ०४-५-द को संलग्नता छैन उक्त मितिमा यी प्रतिवादीलाई घरमा नै कपडा धोइ बसेको देखेको हुँ। दिउसो १/२ बजेको समयमा दोकानमा गई साबुन किनेर ल्याउँदै गरेको समेत देखेको हुँ। पछि घटना घटिसकेपछि निजले मलाई समेत यस्तो घटना घटेछ भनेर मलाई सुनाएको समेत हो निजको संलग्नता छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-द का साक्षी बधुविर लावतीले गरेको वकपत्र।

६२. उक्त वारदातको समयमा म सँगै दिनभर घरमा नै बसेको हो। उक्त घटना भएपछि हल्लाखल्ला भई के भएको रहेछ भनी प्रतिवादी वारदातस्थान तर्फ जाँदा साथीहरूले भाग भनी भनेपछि भाग्ने क्रममा प्रहरीले पक्राउ गरेको हो यी प्रतिवादीको उक्त वारदातमा संलग्नता नै छैन भन्ने समेत व्यहोरा परिवर्तित नाम ०४-५-छ को साक्षी सिला कुरूङवाङले गरेको वकपत्र।

६३. परिवर्तित नाम ०४-५-ड र ढ परिवर्तित नाम ड को ९ गते जन्मदिन भएकाले निजको निम्तो बाँड्दै दुवै प्रतिवादीहरू मेरो घरमा आएका थिए निजहरूको घटनामा संलग्नता छैन अन्य प्रतिवादीहरू सँगै एउटै स्कुलमा पढ्ने साथी भएकाले निजहरूलाई झुठा अभियोग लगाएको हो भन्ने समेत व्यहोरा परिवर्तित नाम ०४-५-ड र ढ का साक्षी प्रेम बहादुर पौडेलले गरेको वकपत्र।

६४. प्रतिवादी उक्त वारदातको मिति र समयमा दमक पेल्टीमारी स्थित फुटबल प्राक्टिसको लागि गएको थियो। फुटबल खेलेर फर्कदै गर्दा बाटोमा मानिसहरू जम्मा भेला भएको देखि के रहेछ भनी बुझ्द जाँदा घाइतेहरू सबैलाई उक्त स्थानबाट लगिसकेको रहेछ। एउटै स्कुलमा पढने भएकाले यी प्रतिवादीलाई झुठा मुद्दा लगाइएको हो निजको उक्त वारदातमा संलग्नता नै छैन यी प्रतिवादीको परिवर्तित नाम ०४-५-ठ बीच कुनै चिनजान छैन भन्ने समेत व्यहोरा परिवर्तित नाम ०४-५-घ को साक्षी उर्मिला नेम्बाङ्गले गरेको वकपत्र।

६५. प्रतिवादी परिवर्तित नाम ट प्रतिवादी नसिब सुब्बासँग नोटबुक लिन गई बाटोमा फर्की आउँदा बाटोमा परिवर्तित नाम ०४-५-ठ आउँदै गरेको थियो। परिवर्तित नाम ट ले ठ लाई चिनेको हुदा ठ ले स्कुटरमा लिफ्ट मागेकाले दमक स्थित वरगाछीमा ल्याई छोडिदिएको हो। सोही स्कुटरमा ल्याई छाडेकै कारण निजहरू नसिब सुब्बा र परिवर्तित नाम ट लाई मुद्दा चलाएको हो। परिवर्तित नाम ठ ले घटाई आएको भन्ने कुरा परिवर्तित ट र नसिब सुब्बालाई थाहा थिएन। त्यसरी घटना घटाएर आएको भन्ने थाहा भएको भए नसिब सुब्बा र परिवर्तित नाम ट ले स्कुटरमा लिफ्ट दिने थिएनन भन्ने समेत व्यहोरा प्रतिवादी सांकेतिक नाम ०४-५-ट का साक्षी मुक्तिनाथ अधिकारीले गरेको वकपत्र।

६६. वारदातको मिति र समयमा यी प्रतिवादी ०४-५-च  फुटबल प्राक्टिसको लागि गएको थियो फुटबल खेलेर फर्कदा उक्त घटना भएको ठाउमा जादा यी प्रतिवादीलाई समेत कुटपिट गरी घाइते बनाइएको थियो। सो पश्चात परिवर्तित नाम ०४-५-च लाई घाइते भई उपचारका लागि अस्पताल लगेको हो परिवर्तित नाम उक्त वारदातमा संलग्नता छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-च का साक्षी बम बहादुर कार्कीले गरेको वकपत्र।

६७. प्रतिवादी परिवर्तित नाम ०४-५-ध वारदातको दिन दिनभर म सँगै खेतमा काम गरेको हो उक्त वारदातस्थानमा यी प्रतिवादी गएकै छैन खै कसले यी प्रतिवादीको पनि नाम दिएछन थाहा भएन निजको संलग्नता छैन भन्ने समेत व्यहोरा परिवर्तित नाम ०४-५-ध का साक्षी राजकुमारी आङदम्बेले गरेको वकपत्र।

६८. प्रतिवादी परिवर्तित नाम ०४-५-ङ वारदातको दिन म सँगै क्यारेमवोर्ड खेलेर बसेको हो। उक्त वारदात स्थानमा यी प्रतिवादी गएकै छैन। को कसले यी प्रतिवादीको नाम दिएछन थाहा भएन तर यी प्रतिवादी उक्त मिति र समयमा म सँग नै घरमा नै थिए निजको संलग्नता छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ङ का साक्षी अविनास सोनीले गरेको वकपत्र।

६९. प्रतिवादी परिवर्तित नाम ०४-५-ज वारदातको मिति र समयमा म सँगै १२ बजेसम्म रहेको र भिडभाड देखि हेर्न जाँदा निजलाई समेत प्रहरीले पक्राउ गरेको हो। यी प्रतिवादीको उक्त वारदातमा संलग्नता नै छैन भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ज का साक्षी शेर बहादुर मगरले गरेको वकपत्र।

७०. प्रतिवादी परिवर्तित नाम ०४-५-ण घटनामा संलग्न छैन यी प्रतिवादी उक्त मितिमा म सँग नै घरमा दिनभर थिए। निजलाई अन्य व्यक्तिहरूले नाम टिपाएको आधारमा निज उपर उजुरी परेको हो। यी प्रतिवादी उक्त घटनामा गएकै छैनन्। वारदात मिति र समयमा निज म सँगै रहेको हुनाले निजको घटनामा कुनै संलग्नता छैन उक्त वारदात भएको कुरा गाउघरमा हल्लाखल्ला भई थाहा जानकारी पाएको हो भन्ने समेत व्यहोरा प्रतिवादी परिवर्तित नाम ०४-५-ण का साक्षी भिष्म खवासले गरेको वकपत्र।

## कसूर ठहर खण्ड

७१. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दा वादी नेपाल सरकारको तर्फबाट सहायक जिल्ला न्यायाधीवक्ता श्री मदन न्यौपाने तथा प्रतिवादीहरू परिवर्तित नाम ०४-५-ग को तर्फबाट विद्वान अधिवक्ता श्री लक्ष्मी प्रसाद सिवाकोटी, परिवर्तित नाम ०४-५-छ, द, त र ण को तर्फबाट विद्वान अधिवक्ता श्री देवेन्द्र भण्डारी, प्रतिवादी परिवर्तित नाम ०४-५-ङ, ठ, ञ र ध का तर्फबाट विद्वान अधिवक्ता श्री सेमन्त मिश्र, प्रतिवादी परिवर्तित नाम ०४-५-ड, ढ घ का तर्फबाट विद्वान अधिवक्ता श्री डिग बहादुर बुढाथोकी र प्रतिवादी परिवर्तित नाम ०४-५-ट का तर्फबाट विद्वान अभिवक्ता श्री भुपालमान भट्टराईले र बाकी प्रतिवादीहरुको तर्फबाट विद्धान वैतनिक अधिवक्ता श्री चुडामणी पराजुलीले गर्नुभएको वहस समेत सुनि मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी हेर्दा प्रतिवादीहरूलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने हो होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

७२. अभियोग दावीलाई हेर्दा, प्रतिवादीहरू एक अर्कामा मिलेमतो गरी योजना बनाई एक अर्कोलाई

बोलाई धारिलो हतियार समेत लिई वारदात स्थलमा भेला जम्मा भई मृतक बिक्रम लिम्बूलाई कर्तब्य गरी मारेको र घाइते सरोज भण्डारी उपर यी प्रतिवादीहरू समेत भै ज्यानमार्ने उद्देश्यले हातहतियार प्रहार गरी ज्यानमार्ने उद्योगको वारदात घटाएको पुष्टि भएकोले निज प्रतिवादीहरु उपर कर्तब्य ज्यानतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) र ज्यानमार्ने उद्योगतर्फ १८३(१) बमोजिमको कसूरमा कर्तब्य ज्यानतर्फ ऐ. ऐनको दफा १७७(२) र ज्यानमार्ने उद्योगतर्फ १८३(२) बमोजिम सजाय हुनेमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(२) बमोजिम ६ महिनासम्म कैद सजाय वा बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखी पाउन, ०४-५-ग, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-ञ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरी पाउन र परिवर्तित नाम ०४-५-झ, ०४-५-ट लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय गरी मृतकका नजिकका हकदारलाई मनाशिव क्षतिपूर्ति समेत भराई पाउन अभियोग दायर भएको देखियो।

७३. प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले मौकामा बयान गर्दा मेरो साथी ०४-५-च सँग विपक्षी सरोज भण्डारीको पहिलाको विवाद झगडा रिसइवीको कारण निजहरूबीच मिति २०७६।४।८ गतेका दिन आ-आफ्नो साथि लिई आउने भने अनुसार म र मेरा साथीहरूलाई ०४-५-च ले बोलाएका थिए भने सरोज भण्डारी र सुजन भुजेलले आफ्नो साथी लिई वारदातस्थानमा सोही दिन आफ्नो साथी लिई आएको र मैले दाप सहितको चक्कु बोकेको थिए ०४-५-ज ले लाइटर भएको नक, रूवेन मगरले खुकुरी, ०४-५-ञ ले रेडिमेड चारवटा औंला छिर्ने फलामको नक र मनोज तोलाङ्गीले फलामको नक ०४-५-च ले फलामको रोल अनिस लिम्बुले बासको आखा भएको ठुटा बोकेका थियौ। परिवर्तित नाम ०४-५-च र सरोज भण्डारीबीच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुदै गर्दा निज ०४-५-च लाई सरोज भण्डारी समेतका मानिसहरूबीच भनाभन ठेलाठेल भई साथी ०४-५-च ले साथमा बोकेको फलामको रोलले हान्दा उसले छल्दा कुममा लाग्न गयो र उसका साथीहरूले निज ०४-५-च लाई कुटपिट गर्न थालेपछि मैले मेरो साथीहरू समेतलाई भनी हानाहान हुँदा मलाई पनि सरोज भण्डारी समेतका मानिसले हिर्काउँदा मैले आफुले बोकेको छुरी निकाली हान्दा विक्रम लिम्बुको घाटीमा लाग्न गई सोही चोटको कारण छटपटिदै अलि मास्तिर गई ढले मैले छुरी अन्दाधुन्दा चलाई नै राखे को कसलाई कताकता लाग्यो थाहा भएन। म छुरी बोकी भिडबाट बाहिर भाग्दा हामी सँगै गएका ०४-५-ज र ०४-५-ञ ले सुजन भुजेललाई हिर्काइरहेको देखेको थिए म बाटोमा निस्किदा नसिब सुब्बा र ०४-५-ट ले मलाई स्कुटीमा चढाई रतुवा खोलाको डिलसम्म पुऱ्याइदिएको भनी बयान गरेको देखियो भने अदालतमा बयान गर्दा वारदातको दिन मलाई सरोज भण्डारीले फोन गरी तिम्रो ममिले तिमिलाई जन्माएको हो तिमी मर्द हौ भने म तिम्रो एरियामा छु भाङवारी स्कुलमा आउ भनेपछि म एक्लै रूकित माझीको घरमा मैले लुकाएर राखेको छुरी निकाली साथमा बोकी सरोजले बोलाएको ठाउँमा पुग्दा मेरो साथी प्रतिवादी परिवर्तित नाम ०४-५-

च लाई सरोज भण्डारी समेतका मानिसहरूले कुटदै थिए। मैले उनीहरूबाट मेरो साथी परिवर्तित नाम ०४-५-च लाई छुटाउन खोज्दा मलाई सरोज भण्डारीले कन्चटमा एक वक्सिङ हान्यो। मलाई कुटेपछि मैले हात फर्काउन खोज्दा निजले मेरो कम्मरमा बोकेको खुकुरी निकालेर हान्न खोज्दा म पछि सरे त्यसपछि आफ्नो सुरक्षाकालागि आफूले बोकी ल्याएको छुरी निकालेर हान्दा सरोजको ढाडमा लाग्यो, हातमा नक लगाएर विक्रम लिम्बू दौडेर मलाई हान्न आयो। म पनि हातमा छुरी तेर्सो पारेर २/४ पाहिला अघि सर्दा मैले तेर्सो पारी राखेको छुरी विक्रम लिम्बूको घाटीमा लागेको हो छुरी निस्केपछि छुरी लागेको ठाउँबाट रगत निस्कियो। विक्रम लिम्बूले घाटीमा हातले समाउदै उत्तर तिर गयो। सोही वखत नसिव सुब्बा र गौरभ धिमाल रातो स्कुटरमा आउदै थिए मलाई वरगाछीसम्म पुर्‍याई छाडी दिनुभयो मैले अन्जानमा नै गल्ती गरेको हुँदा मलाई कानून बमोजिम सजाय होस भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले अदालत समक्ष गरेको बयान गरिदिएको देखियो।अर्का प्रतिवादी परिवर्तित नाम ०४-५-च ले मौकामा बयान गर्दा, म सँग विपक्षी सरोज भण्डारी र सुजन भुजेल बिच पहिलादेखि विवाद झगडा रिसइवी भई फेसबुकमा समेत भनाभन भएको कारण म र विपक्षी मानिसहरू सरोज भण्डारी र सुजन भेजेल बिच आ आफ्नो साथी लिई आउने कुराकानी हुँदा मिति २०७६।४।८ गते म र मेरा साथीहरूलाई बोलाएको थिए भने सरोज भण्डारी र सुजन भुजेलले आफ्नो साथी लिई वारदातस्थानमा आएको मैले फलामको रोल साथी ०४-५-ठ ले दाम सहितको चक्क बोकेको, ०४-५-ज ले फलामको नक रूबेन मगरेले खुकुरी, ०४-५-ञ ले चारवटा औला छिर्ने फलामको नक र मनोज तोलाङ्गीले फलामको नक,अनिस लिम्बुले बाँसको आखा भएको ठुटा बोकेको अन्य साथीहरू पछाडी थिए। विपक्षीहरूसँग भेट भएपछि म र घाइते सरोज भण्डारी बिच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुदै गर्दा मलाई सरोज भण्डारी समेतका मानिसहरूले भाङवारी स्कुल तर्फ लादै गर्दा भनाभन ठेलाठेल भई मैले साथमा बोकेको रोलले सरोज भण्डारीको टाउकोमा हान्दा उसले छल्दा कुममा लाग्यो त्यसपछि निजहरूका साथीहरूले मलाई कुटपिट गर्न थालेपछि मेरो साथी ०४-५-ठ ले मलाई साथ दिन आए अन्य साथीहरूले को को सँग भिडे थाहा भएन। साथी ०४-५-ठ ले विक्रम लिम्बुको घाटीमा छुरी प्रहार गर्दा निज ढले साथीहरूले ढलेढले भनी हल्ला भएपछि ०४-५-ज समेत साथीहरू भागेका हौ भनी बयान गरेको देखियो भने अदालतमा बयान गर्दा, २०७६।४।८ गते म र त भै मेरो डेरा घर जाँदै गर्दा मनोज तोलाङ्गी सँग भेट भयो अशोक राईको घरमा जादै गर्दा दुर्गा मन्दिर भन्दा लगभग २०० मिटर अगाडी म पुगेपछि ३० जना जति मैले चिनेका सरोज भण्डारी, सनम, सुजन भुजेल संगित गुरूङ्ग लगायतका भेट हुने बित्तिकै मलाई सरोज भण्डारीले सिंङ्गल सिंङ्गल खेल्छस यता आईज भन्दै तान्दै निजका साथीहरूले पनि तान्दै भाङवारी जाने बाटैबाट कच्ची शाखा बाटोतर्फ छिराई कसैले नकले कसैले रोलले त कसैले मुक्काले हाने। त्यसपछि म कसो कसो उम्किएर अलि पछाडी आउँदा मानिसहरूको भीड देखे एकजना मानिस लडिरहेको थियो। म दुर्गा मन्दिर तर्फ फर्कदै गर्दा अलिवर रूबेन मगर "ज" "ञ" मनोज तोलाङ्गी लगायत ८-९ जना जति बाटोको साइडमा उभिइ रहेका थिए। तीनीहरूले पनि भाग भाग भनी आपसमा मलाई पनि भनेको हुँदा रतुवा खोला तिर भाग्यौ रतुवा तरेर अलि पर हामीलाई प्रहरीले पक्राउ गर्‍यो। मैले कसैसँग कुटपिट गर्न योजना बनाएको मिलेमत्तो गरेको छैन भनी कसूरमा इन्कारी रही बयान गरेको देखियो।त्यस्तै प्रतिवादी ०४-५-ज ले मौकमा बयान गर्दा मिति २०७६।४।७ गते साथि ०४-५-ठ को घरमा बसे

भोलिपल्ट ०४-५-च लाई भेटन गई कुरा गर्दा आज सरोज भण्डारी र सुजन भुजेलले बोलकाएको छ ठिक पार्नुपर्छ भनी सल्लाह गरी ०४-५-च खुकुरी लिन घर गए ०४-५-ठ ले निजको घरमा भएको चक्कु र लाइटर भएको फलामको नक लिन पठाए। नक मलाई दिई निजले चक्कु आफैले बोके सबैजना भेलाजम्मा भएपछि सरोज भण्डारी र निजका साथीहरूले हामीलाई चार्ज गरेमा छोड्नु हुँदैन भनी आ आफ्नो सामानहरू बोकी उक्त स्थानमा पुगेपछि ०४-५-च र घाइते सरोज भण्डारी बिच सिङ्गल सिङ्गल खेल्ने कुराकानी हुँदा निज ०४-५-च लाई घेराहाली एक्लै पारी लान लाग्दा हामी दुवै पक्ष बिच झगडा हुन थाल्यो मैले र ०४-५-ञ ले घाइते सुजनलाई हान्न थाल्यौ ०४-५-च लाई सरोज भण्डारी समेतले हिर्काइ रहेको ठाममा ०४-५-ठ साथ दिन जाँदा निजले बोकेको छुरीले अन्दाधुन्द हिर्काउन थालेपछि विक्रम लिम्बु उक्त भिडबाट रन्थनिंदै केही पर लगेको देखे सबै जनाले मान्छे मर्यौ भन्दै हल्ला गर्न थालेपछि म समेत भागेको हो भनी बयान गरेको पाइन्छ भने अदालतमा बयान गर्दा म मिति २०७६।४।८ गते साइकलमा मेरो घर जाँदै गर्दा दुर्गा मन्दिर अलि अगाडी भीडभाड थियो। मेरो साइकलको पछाडी बस्ने "ञ" लाई सुजन भुजेलले साइकल एक्कासी हातले तान्यो कता हान्यो मैले देखिन त र "ञ" लड्यो साइकल पनि लड्यो, मैले साइकल हतार हतार उठाएर अभिषेकलाई पनि साइकलमा चढाएर अघि गएकै बाटो फर्कियौ। खै किन हो अभिषेक आतिंदै मेरो साथीको घर जाँउ भनेकाले सिटी चढेर बसपार्क गयौं, अर्को एकजना मैले नचिनेको केटा समेत ३ जना भै बस चढेर बिर्तामोड "ञ" को साथीकोमा गयौं। त्यहीबाट हामी तीनै जना पक्राउ परेका हौं। म घटना भएको भनिएको ठाउँमा पुगेकै छैन भनी बयान गरेको देखियो।

७४. त्यसैगरी प्रतिवादी ०४-५-ञ ले मौकामा बयान गर्दा मलाई मिति २०७६।०४।०७ गते मलाई सरोज भण्डारीको साथी सुजन भुजलेल एक्लै भृकुटी स्कुलमा कुटेको कुरा समेत मैले साथीहरूलाई सुनाए। भोलिपल्ट हामी सबै मिलेर ग्याङ फाइट गर्न जाऔं भनी आ-आफ्नो सामानहरू लिन गई बोकी सबैको सल्लाह अनुसार निजहरूले हामीलाई चार्ज गरेमा हामीले पनि छोड्नु हुदैन भन्दै आ-आफ्नो सामानहरू बोकी वारदातस्थलमा पुगी ०४-५-च र सरोज भण्डारी बिच भनाभन ठेलाठेल हुँदा ०४-५-च ले साथमा बोकेको फलामको रोलले सरोज भण्डारीलाई प्रहार गर्दा निजहरूका साथीहरु धुरिएर ०४-५-च लाई कुटिपिट गर्न थालेपछि हानहान हुँदा ०४-५-ठ ले बोकेको छुरीले विक्रम लिम्बो घाटीमा लाग्न गई मास्तिर गई ढले अन्य साथीहरू के कता भागे मलाई थाहा भएन म, ०४-५-ज र ०४-५-झ समेत गाडीमा चढी बिर्तामोड बसपार्क पुगी लुकिछिपि बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको भनी बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दा, मैले कसैसंग झगडा गरेको छैन। कसैसंग कुटपिट गरेको पनि छैन, कसैलाई कुटपिट गर्ने सल्लाह पनि गरेको छैन, २०७६।४।७ गते मैले कुटाई खाएपछि "ज" लाई मैले फोन गरी मलाई एउटा नचिनेको सुजन भन्नेले कुट्यो भनी सुनाएको सम्म चै थिए तर भेला भै कुटपिट गर्न जाने सल्लाह भएको होइन। सुजनले मलाई कुटेको बेला अरू कसैबीच कुटपिट भै रहेको मैले देखिन सामान्य झगडा भएको जस्तो चै थियो भनी बयान गरेको देखियो।

७५. प्रतिवादी परिवर्तित नाम ०४-५-ङ ले मौकामा बयान गर्दा, वारदातको दिन ०४-५-ज को घरमा जाँदा बाटोमा निजसँग भेट हुँदा मेरो जुत्ता खोइ दाई भन्दा निजले मेरो घरबाहिर राखेको छु लिएर जानु भनेकाले म निजको घरमा गई जुत्ता निकाली पुन फर्कदै गर्दा मैले चिनेका ०४-५-छ समेत

५/६ जना केटाहरू जम्मा भई बसेको र भाङवारीका केटाहरूले फाइट खेल्न बोलाएकोले सबै जना साथीहरू जादै छन भन्ने सुनाए म पनि जादै थिए। हामी भन्दा अगाडी गएका साथीहरूले झगडा गरी छुरी हानाहान गरी विक्रम लिम्बु बाटोमा लडेका थिए। सो पश्चात हामीसँग गएका साथीहरू भागेकाले म पनि सँगै भागे यसरी ग्याङ फाइट हुन्छ भन्ने मलाई थाहा थिएन भनी बयान गरेकोमा अदालतमा बयान गर्दा मिति २०७६।४।८ गते म आत्तिएर पेल्टीमारी जाँदै गर्दा बुबाले फोन गरी त्यो पर घटना भयो अरे तँ तुरून्त घर आइज भनेर फोन गर्नु भएपछि पनि पेल्टिमारीतर्फ जाँदै गर्दा अलिपर एक्कासी प्रहरी कताबाट आएर मलाई र "ग" लाई समाएको हो। मैले कसैसँग कुटपिट गर्न भनी योजना बनाएको मिलेमत्तो गरेको छैन। म घटनामा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी ०४-५-ङ ले अदालत समक्ष गरेको बयान गरेको देखियो। अर्का प्रतिवादी परिवर्तित नाम ०४-५-ण मौकामा फरार रही अदालतमा उपस्थित भई बयान गर्दा वारदात स्थलमा नगएको आफ्नै घरमा भएको मृतकलाई को कसले के कुन हतियार प्रयोग गरी कर्तव्य गरी मारे थाहा छैन अन्य प्रतिवादीहरूले किन पोल गरे मलाई थाहा भएन भनी बयान गरेको देखियो।

७६. प्रतिवादी परिवर्तित नाम ०४-५-ट ले मौकामा बयान गर्दा वारदातको दिन म कपाल काट्न भनी नसिब सुब्बाको घरमा गई बजारतिर घुम्न मेरो कपाल पनि काट्नु छ भन्दा निजले बुबाको स्कुटर निकाली जादै गर्दा परिवर्तित नाम ०४-५-च समेतका साथीहरु हल्ला खल्ला गर्दै गरेको देखेको थिए सोही ग्रपका तोलाङ्गीले हामीलाई देखि छाता छाडे रबिस्टेशन जान भनेकाले निज समेत गरी हामी ३ जना छाता लिन गयौ र पुन निजलाई सोही ठाँउमा छाडी स्कुटर फर्काएर बाटोमा जाँदै गर्दा मेरो साथी ०४-५-ठ अत्तालिदै मलाई अलिक पर छाडि देउन मेरो ग्याङ फाइट भएर मैले मान्छे हानेर आएको छु भनी स्कुटरमा चढेकाले नसिव दाईले स्कुटर चलाएर रतुवा खोलाको वारीसम्म पुऱ्याइदिएर हामी फर्कीएका हौ भनि बयान गरेकोमा अदालतमा बयान गर्दा, मिति २०७६।४।८ गते नसिव दाईको मामा घरमा नभेटेपछि घरतिर फर्कदै गर्दा बाटोमा मेरो साथी ०४-५-ठ लाई भेट्यौ र नसिब सुब्बाको स्कुटरमा हामी ३ जना चढी बरगाछीमा ०४-५-ढ लाई छाडी म नसिब दाईको घरबाट एक्लै हिड्दै आफ्नो घरसम्म गएको हो घटना कसले घटायो कसरी घटायो कसलाई के भयो मलाई केहि पनि थाहा जानकारी छैन। मेरो समेत मिलेमत्तोमा एक अर्कामा मिली योजना बनाई बोलाई धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी नमारेको र कसैलाई कुटपिट समेत नगरेको हुँदा यसमा को कसको संलग्नता छ मलाई थाहा छैन घटनामा मेरो संलग्नता छैन भनी बयान गरेको देखियो।

७७. अन्य प्रतिवादीहरू ०४-५-ग, घ, छ, ड, ढ, त, द, थ, झ र ध ले मौकामा तथा अदालतमा बयान गर्दा कसैले वारदातस्थलमा पुग्न नपाई घटना भएको, कसैले अन्य प्रतिवादीहरूको सहयोगीको रूपमा दोस्रो पंक्तिमा रही वारदातस्थलमा जाँदै गर्दा पुग्न नपाई घटना घटिसकेको, कसैले अन्य प्रतिवादीहरू भागी आई रहेकोमा आफू समेत डरले भागी गएको, कसैले वारदातस्थलमा पुगेको र दुवै पक्षहरूबीच कुटाकुट भएकोसम्म देखेको भनी फरक फरक बयान गरेको देखिएता पनि प्रतिवादी मध्येका ०४-५-ठ ले प्रहार गरेको हतियारबाट मृतक विक्रम लिम्बुको मृत्यु भएको र परिवर्तित नाम ०४-५-च र ०४-५-ज समेतले सरोज भण्डारी समेतलाई प्रहार गरी घाइते तुल्याएको र ०४-५-ञ, ०४-५-ण प्रथम पक्तिका प्रतिवादीहरू सँग सगै वारदातस्थलमा पुगेको र भनाभन ठेलाठेल हुँदा दुवै पक्षहरू बीचमा भएको कुटाकुटमा प्रत्यक्ष संलग्न रहेको भन्ने कुरामा विवाद

देखिएन। साथै दुवै पक्षहरूबीचमा कुटाकुट भएको र उक्त कुटाकुटको अवस्थामा विभिन्न हतियारको समेत प्रयोग भएको भन्ने बरामदी मुचुल्कामा उल्लेखित दशी सामानहरू समेतले पुष्टि गरिदिएको देखियो।

७८. वारदातस्थलमा प्रत्यक्ष रूपमा संलग्न तथा घाइते सरोज भण्डारीले अदालतमा आई वकपत्र गर्दा परिवर्तित नाम ०४-५-च ले पछाडीबाट फलामको रोल जसमा छेड्ने नक पनि थियो, सो हतियारले मलाई पछाडीबाट हान्दा मैले देखेर तर्किदा तर्किदै मलाई ढाँडमा लागेर म भूइमा लडे। सो पश्चात म लडेर उठन नसकेपछि यी प्रतिवादीहरूको ग्रपले मेरो साथीहरूलाई जथाभावी हान्न थाले। सो पछि मृतकलाई प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले छुरीले हानेको पनि देखेको हुँ। उक्त घटनामा परिवर्तित नाम ०४-५-ज, परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी थिए अन्य धेरै थिए तर नाम थाहा छैन भनी वकपत्र गरिदिएको देखिन्छ भने अर्का घाइते सुजन भुजेलले पनि वकपत्र गर्दा वारदातको दिन उक्त झगडा मिल्ने भनी मलाई परिवर्तित नाम ०४-५-च ले बोलाएपछि हामी मिल्ने भनी जाँदा प्रतिवादी परिवर्तित नाम ०४-५-ज र परिवर्तित नाम ०४-५-ञ ले पछाडीबाट नक र फलामको रोलले हानेपछि म लडे सो पश्चात मेरो साथी सरोज भण्डारीलाई ०४-५-च ले पछाडीबाट रोलमा एट्याच् गरेको तिखो हतियारले पछाडीबाट हानेपछि निज साथी पनि लडेको हो। मृतक विक्रम लिम्बुलाई प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले भालाले रोपेपछि निज मृतकको शरीरबाट अत्याधिक रगत बगेपछि प्रतिवादीहरू सबै भाग्न थाले। उक्त घटनामा परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी रूबेन राई लगायत १५/२० जना थिए तर सबैको नाम भने थाहा छैन भनी वकपत्र गरिदिएको देखियो।

७९. उल्लेखित तथ्य भएको प्रस्तुत मुद्दामा  वारदात मिति र समयमा म आफ्नै काममा गएको थिए। यी प्रतिवादीहरू र मेरो छोराहरूबीच के कसरी झगडा भएको मलाई थाहा भएन मैले घटनाबारे थाहा पाई जाँदा छोराको लास मात्र भेटेको हो। को कसले मारेको मलाई यकिन भएन पछि बुझ्दा परिवर्तित नाम ०४-५-ठ ले मारेको भनी थाहा पाए भनी जाहेरवाला मान बहादुर लिम्बुले र घटनास्थलमा प्रत्यक्ष उपस्थित भएका घाइते सरोज भण्डारी र सुजन भुजेलले वकपत्र गर्दा अन्य प्रतिवादीहरू बिचमा वारदात भन्दा अगाडी वादविवाद हुदा सोही विषयमा प्रतिवादी परिवर्तित नाम ०४-५-च लाई झगडा नगरौ मिलुम भनी हामी जाँदा उनीहरूपनि निकैजना आएका थिए। त्यतिकैमा मिलुम भन्ने क्रममा सरोज भण्डारीलाई प्रतिवादी परिवर्तित नाम ०४-५-च ले पछाडीबाट फलामको रोलले हान्दा ढाँडमा लागेर लडेको र घाइते सुजन भुजेललाई परिवर्तित नाम ०४-५-ज र ०४-५-ञ ले बोकेको हतियारले प्रहार गरी घाइते बनाएको र उक्त घटनामा परिवर्तित नाम ०४-५-ज, परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी थिए अन्य धेरै थिए तर नाम थाहा छैन भन्ने समेत व्यहोराको वकपत्र गरिदिएको देखियो।

८०. उल्लेखित वयान व्यहोरा र बकपत्र भएको प्रस्तुत मुद्दामा घाँ जाँच केश फारम हेर्दा Healed injury over the parietal surface of head measuring of 2 cm,  Type of weapon is blunt force भन्ने समेत ब्यहोराको घाईते सुजन भुजेलको घाउ जाँच केश फारम प्रतिवेदन, Healed cut injury over the back right to vertebral side (line) measuring of 2x1cm, type injury knife, sharp force भन्ने समत व्यहोराको सरोज भण्डारीको घाउ जाँच केश फारम प्रतिवेदन र  Cause of death is

stab injury to vital organs of chest produced by sharp weapon भन्ने ब्यहोराको मृतक बिक्रम लिम्बुको बि.पि.कोईराला स्वा.बि. प्रतिष्ठान घोपा धरानमा गरीएको शव परीक्षण रिपोर्ट मिसिल संलग्न रहेको पाइयो ।उक्त चोटहरुका कारणमा यी प्रतिवादीहरुको हात रहेको यी प्रतिवादीहरुको वारदातको उपस्थितिलाई प्रस्तुत मुद्दामा र यसै मुद्दाको नावालक प्रतिवादी संलग्न रहेको कर्तव्य ज्यान मुद्दामा घटना विवरण/घाइते का सुजन भुजेलले वारदातको सम्वन्धमा यस अदालतमा बकपत्र गर्दा वारदात भन्दा एक महिना अघि स्कुलबाट फर्कदै गर्दा परिवर्तित नाम ०४-५-ञ, ज लगायत १५/२० जना स्कुलकै युनिफर्ममा निस्केर मलाई एक्कासी कुटन थाले। मेरो मोबाइल फुटाएर कुटपिट गरेपछि एकछिनमा सरी सरी भनी माफी पनि मागे सो पछि मैले प्रहरीमा रिपोर्ट पनि गरेको थिए। त्यतिकैमा एक महिना पछि प्रस्तुत वारदातको अघिल्लो दिन मलाई कुटन भनी बेलुकाको समयमा मेरो घरमा समेत आएका थिए। वारदातको दिन उक्त झगडा मिल्ने भनी मलाई परिवर्तित नाम ०४-५-च ले बोलाएपछि हामी मिल्ने भनी जाँदा प्रतिवादी परिवर्तित नाम ०४-५-ज र परिवर्तित नाम ०४-५-ञ ले पछाडीबाट नक र फलामको रोलले हानेपछि म लडे सो पश्चात मेरो साथी सरोज भण्डारीलाई ०४-५-च ले पछाडीबाट रोलमा एट्याच् गरेको तिखो हतियारले पछाडीबाट हानेपछि निज साथी पनि लडेको हो। सो पश्चात मेरो साथी मृतक विक्रम लिम्बुलाई प्रतिवादी परिवर्तित नाम ०४-५-ठ ले भालाले रोपेपछि निज मृतकको शरीरबाट अत्याधिक रगत बगेपछि प्रतिवादीहरू सबै भाग्न थाले। सो पछि मृतक विक्रम लिम्बुलाई उठाई लगेका हुन। उक्त घटनामा परिवर्तित नाम ०४-५-ठ, ञ, च मनोज तोलाङ्गी रूबेन राई लगायत १५/२० जना थिए तर सबैको नाम भने थाहा छैन व्यहोरा लेखाएको देखियो। सोही व्यहोराको बकपत्र घटना विवरण/घाइते सरोज भण्डारीले अदालतमा गरिदिएको देखिन्छ।

८१. यसरी हेर्दा यी परिवर्तित नाम ०४-५-ठ ले वारदात स्थलमा हतियार सहित उपस्थित भै आफूले बोकेको हतियार प्रहार गरी मृतक विक्रम लिम्बुलाई धारिलो हतियारले Stab गरी कर्तव्य गरेको निजको यस अदालतमा भएको वयानले पुष्टि गरेको देखियो। निजको सो वयानलाई प्रत्यक्षदर्शी सरोज भण्डारिको बकपत्रले समर्थन गरेको देखियो। लगाउको मुद्दा र यस मुद्दाका अधिकांश साक्षीहरु र प्रतिवादीहरुको बकपत्र तथा वयानमा परिवर्तित नाम ०४-५-ठ ले मृतक विक्रम लिम्वुलाई धारिलो हतियारले घाटीमा हिर्काइ सोही चोट पीडाबाट निजको मृत्यू भएको देखिदा प्रतिवादीले ऐनको दफा १७७(१) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(२)को कसुर गरेको ठहर्छ। अर्का प्रतिवादीहरू परिवर्तित नाम ०४-५-च र ०४-५-ज ले आफूले बोकेको हतियार प्रहार गरी पीडित सरोज भण्डारी समेतलाई ज्यान मार्ने सम्मको प्रहार गरी ऐनको दफा १८३(१) तथा बालबालिका सम्बन्धी २०७५ को दफा ३६ (३)को कसुर गरेको ठहर्छ। प्रतिवादी परिवर्तित नाम ०४-५-ङ, ०४-५-ञ, ०४-५-ण, ०४-५-ट ले वारदातमा उपस्थित भई ज्यान मार्ने कार्यका लागि हतियार दिने उक्साउने तथा वारदात पश्चात कसुरदारलाई भाग्न मद्दत गरेको देखिदा दफा १७७(१) र १८३(१) को कसुरको मतियार रही दफा ३६(३) (ख) को कसुर अर्थात मतियारको कसुर गरेको ठहर्छ। अन्य प्रतिवादीहरू परिवर्तित नाम ०४-५-ग, ०४-५-घ, ०४-५-छ, ०४-५-ड, ०४-५-ढ, ०४-५-त, ०४-५-द, ०४-५-थ, ०४-५-झ र ०४-५-ध वारदातमा उपस्थित भएको र हतियार प्रहार गर्ने पीडितहरुको ज्यूमा जखम गराउने कार्यमा संलग्नता रहेको भन्ने निजहरुको मौकाको वयान अदालतमा भएको वयान तथा वादी नेपाल सरकारको साक्षीहरुको

बकपत्रले पोल उजुरी गर्न सकेको नदेखिदा निजहरुले आरोपित कसुरबाट माथी गरिएको विवेचनाको आधारमा सफाई पाउने देखियो ।

८२. तसर्थ निर्णयतर्फ विचार गर्दा, माथी प्रकरण प्रकरणमा गरिएको विवेचनाबाट परिवर्तित नाम ०४-५-ठ ले वारदात स्थलमा हतियार सहित उपस्थित भै आफूले बोकेको हतियार प्रहार गरी मृतक विक्रम लिम्बुलाई धारिलो हतियारले Stab गरी कर्तव्य गरेको देखिदा प्रतिवादीले ऐनको दफा १७७(१) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६ को कसुर गरेको ठहर्छ। अर्का प्रतिवादीहरू परिर्तित नाम ०४-५-च र ०४-५-ज ले आफूले बोकेको हतियार प्रहार गरी पीडित सरोज भण्डारी समेतलाई ज्यान मार्ने सम्मको प्रहार गरी ऐनको दफा १८३(१) तथा बालबालिका सम्बन्धी २०७५ को दफा ३६ को कसुर गरेको ठहर्छ। प्रतिवादी परिवर्तित नाम ०४-५-ङ, ०४-५-ञ, ०४-५-ण, ०४-५-ट ले वारदातमा उपस्थित भई ज्यान मार्ने कार्यका लागि हतियार दिने उक्साउने तथा वारदात पश्चात कसुरदारलाई भाग्न मद्दत गरेको देखिदा दफा १७७(१) र १८३(१) को कसुरको मतियार रही दफा ३६(३) (ख) को कसुर अर्थात मतियारको कसुर गरेको ठहर्छ। अन्य प्रतिवादीहरू परिवर्तित नाम ०४-५-ग, ०४-५-घ, ०४-५-छ, ०४-५-ड, ०४-५-ढ, ०४-५-त, ०४-५-द, ०४-५-थ, ०४-५-झ र ०४-५-ध ले आरोपित कसुरबाट माथी गरिएको विवेचनाको आधारमा सफाई पाउने ठहर्छ। कसुर ठहर भएका प्रतिवादीहरूलाई हुनसक्ने सजाय निर्धारणका लागि कानून व्यवसायीहरूको सजाय पूर्वको प्रतिवेदन लिई फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ९ र ८ को प्रयोजनका लागि २०७८।०७।०८ गते पेश गर्नु।

**न्यायाधीश**

इति सम्वत २०७८ साल असोज १७ गते रोज १ शुभम ......................।

## सजाय निर्धारण

## नि.नं. १७

८३. प्रतिवादीहरू एक अर्कामा मिलेमतो गरी योजना बनाई एक अर्कोलाई बोलाई धारिलो हतियार समेत लिई वारदात स्थलमा भेला जम्मा भई मृतक बिक्रम लिम्बूलाई कर्तब्य गरी मारेको र घाइते सरोज भण्डारी उपर यी प्रतिवादीहरू समेत भै ज्यानमार्ने उद्देश्यले हातहतियार प्रहार गरी ज्यानमार्ने उद्योगको वारदात घटाएको पुष्टि भएकोले निज प्रतिवादीहरु उपर कर्तब्य ज्यानतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) र ज्यानमार्ने उद्योगतर्फ १८३(१) बमोजिमको कसूरमा कर्तब्य ज्यानतर्फ ऐ. ऐनको दफा १७७(२) र ज्यानमार्ने उद्योगतर्फ १८३(२) बमोजिम सजाय हुनेमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(२) बमोजिम ६ महिनासम्म कैद सजाय वा बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखी पाउन, ०४-५-ग, ०४-५-ङ, ०४-५-च, ०४-५-छ, ०४-५-ज, ०४-५-ञ, ०४-५-ड, ०४-५-ढ, ०४-५-ण, ०४-५-त, ०४-५-थ, ०४-५-द, ०४-५-ध लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरी पाउन र परिवर्तित नाम ०४-५-झ, ०४-५-ट लाई मुलुकी अपराध

संहिता, २०७४ को दफा १७७(२) र १८३(२) बमोजिम हुने सजायको अभियोगमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ३६(४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय गरी मृतकका नजिकका हकदारलाई मनाशिव क्षतिपूर्ति समेत भराई पाउन अभियोग दायर भएकोमा मिति २०७८।०६।१७ गतेको निर्णयले परिवर्तित नाम ०४-५-ठ ले वारदात स्थलमा हतियार सहित उपस्थित भै आफूले बोकेको हतियार प्रहार गरी मृतक विक्रम लिम्बुलाई धारिलो हतियारले Stabling गरी कर्तव्य गरेको देखिदा प्रतिवादीले ऐनको दफा १७७(१) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६ को कसुर गरेको अर्का प्रतिवादीहरू परिर्तित नाम ०४-५-च र ०४-५-ज ले आफूले बोकेको हतियार प्रहार गरी पीडित सरोज भण्डारी समेतलाई ज्यान मार्ने सम्मको प्रहार गरी ऐनको दफा १८३(१) तथा बालबालिका सम्बन्धी २०७५ को दफा ३६ को कसुर गरेको र प्रतिवादी परिवर्तित नाम ०४-५-ङ, ०४-५-ञ, ०४-५-ण, ०४-५-ट ले वारदातमा उपस्थित भई ज्यान मार्ने कार्यका लागि हतियार दिने उक्साउने तथा वारदात पश्चात कसुरदारलाई भाग्न मद्दत गरेको देखिदा दफा १७७(१) र १८३(१) को कसुरको मतियार रही दफा ३६(३) (ख) को कसुर अर्थात मतियारको कसुर गरेको ठहरी निर्णय भएको देखियो।

८४. अब उक्त मितिमा भएको कसूर ठहर भएका प्रतिवादीहरूलाई के कति सजाय हुने भन्ने बारेमा विचार गर्दा यसमा मिति २०७८।०६।१७ को निर्णयले परिवर्तित नाम ०४-५-ठ ले धारिलो हतियार प्रहार गरी मृतक विक्रम लिम्बुलाई कर्तव्य गरेको कसुर ठहर भै गएको र वारदातको मितिमा निजको उमेर १४ वर्ष भन्दा कम रहेको देखिदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७७(१) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(२) बमोजिम १ वर्ष सम्म बालसुधार गृहमा राखिदिनु पर्ने ठहर्छ। मृतक पीडितको परिवारले निजबाट रू. ५०,०००।— क्षतिपूर्ति समेत पाउने ठहर्छ। प्रतिवादीहरू परिवर्तित नाम ०४-५-च र ०४-५-ज ले आफूले बोकेको हतियार प्रहार गरी पीडित सरोज भण्डारीलाई ज्यान मार्ने कार्य गरेको कसुर ठहर भै गएको देखियो। यस अवस्थामा प्रतिवादीहरूलाई उक्त ऐनले १० वर्ष सम्म कैद र रू. १,००,०००।— सम्म जरिवाना हुनेमा निज प्रतिवादीहरूको उमेर वारदातको समयमा परिवर्तित नाम च को उमेर वर्ष १५ को देखिदा वयस्क प्रतिवादीलाई हुने सजायको आधा सजाय र परिवर्तित नाम ज को उमेर वारदातको समयमा १६ वर्षको देखिदा निजलाई वयस्क कसुरदारलाई हुने सजायको २ तिहाई सजाय हुने हुदा प्रतिवादी परिवर्तित नाम ०४-५-च लाई ऐनको दफा १८३(१) र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(३) बमोजिम ३ वर्ष कैद र रू. ३०,०००।— जरिवाना तथा अर्का प्रतिवादी परिवर्तित नाम ०४-५-ज लाई समेत ३ वर्ष कैद र रू. ३०,०००।— जरिवाना भै पीडित घाइतेले प्रतिवादीहरूबाट जनही रू. ५०,०००।— क्षतिपूर्ति पाउने ठहर्छ।

८५. प्रतिवादीहरु परिवर्तित नाम ०४-५-ङ, ०४-५-ञ, ०४-५-ण, ०४-५-ट वारदातमा उपस्थित भै ज्यान मार्ने उद्योग र कर्तव्य ज्यानका प्रतिवादीहरुलाई वारदातमा उपस्थित भई हतियार बोकी अपराध घटित गराउन दुरूत्सहान गरेको कारण मतियारको कसुरदार ठहर भएकोमा निजहरू ०४-५-ङ, ०४-५-ञ, ०४-५-ट को उमेर वारदातको समयमा १६-१८ समुहको देखिदा निजहरूलाई वयस्क कसुरदार लाई हुने सजायको २/३ दुई तिहाई सजाय हुनेमा निज प्रतिवादीहरूको वारदातको

उपस्थितिको प्रकार र अपराधमा संलग्नताको प्रकृति र सामुहिक वारदात भएको देखिदा ज्यान मार्ने र ज्यान मार्ने उद्योग एकै वारदातको हुँदा एकै वारदातमा दुवै कसुरका लागि जनही २ वर्ष कैद र रू. १०,०००।— जरिवाना हुने ठहर्छ। प्रतिवादी परिवर्तित नाम ०४-५-ण को उमेर वारदातको समयमा १५ वर्षको देखिदा निजलाई दुवै कसुर एकै वारदातको देखिई उमेर वारदातको प्रकृति तथा परिवेश र सामुहिक कसुर समेतलाई हेरी १ वर्ष ६ महिना कैद सम्म हुने ठहर्छ। प्रतिवादीहरूबाट पीडित मृतक र घाइते सरोज भण्डारीले जनही रू. १५,०००।— (पन्द्र हजार) को दरले क्षतिपूर्ति समेत पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

- माथी ठहर खण्डमा प्रतिवादीहरू परिवर्तित नाम ०४-५-ग, ०४-५-घ, ०४-५-छ, ०४-५-ड, ०४-५-ढ, ०४-५-त, ०४-५-द, ०४-५-थ, ०४-५-झ र ०४-५-ध ले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकाले थप केही गरिरहनु परेन।-------------------------------------------१
- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-ठ लाई १ वर्ष सम्म बालसुधार गृहमा राखिदिनु पर्ने र मृतक पीडितको परिवारले निजबाट रू. ५०,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।११ गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद वर्ष १ (एक) मा निज प्रहरी हिरासतमा बसेको अवधि २८ (अठ्ठाइस) दिन कट्टा गरी बाँकी अवधिको लगत कसी असुल गर्नु साथै पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत निजबाट भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। ----------------------------------------------------२
- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-च लाई ३ (तीन) वर्ष कैद रू. ३० हजार जनही जरिवाना र मृतक पीडितको परिवारलाई निजबाट रू. ५०,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।०८ गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद निज प्रहरी हिरासतमा बसेको अवधि १ (एक) महिना १ (एक) दिन कट्टा गरी बाँकी अवधिको कैद तथा जरिवाना समेतको लगत कसी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। --------------------------------------३
- माथी ठहर खण्डमा प्रतिवादी ०४-५-ज लाई ३ (तीन) वर्ष कैद रू. ३० हजार जनही जरिवाना र मृतक पीडितको परिवारलाई निजबाट रू. ५०,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।०८ गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद निज प्रहरी हिरासतमा बसेको अवधि १ (एक) महिना १ (एक) दिन कट्टा गरी बाँकी अवधिको कैद तथा जरिवाना समेतको लगत कसी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। -----------------------------------------------४
- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-ङ लाई २ (दुई) वर्ष कैद रू. १० हजार जनही जरिवाना र मृतक पीडितको परिवारलाई निजबाट रू. १५,०००।— क्षतिपूर्ति समेत पाउने

ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।०८ गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद निज प्रहरी हिरासतमा बसेको अवधि १ (एक) महिना १ (एक) दिन कट्टा गरी बाँकी अवधिको कैद तथा जरिवाना समेतको लगत कसी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। ----------------------------------------५

- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-ञ लाई २ (दुई) वर्ष कैद रू. १० हजार जनही जरिवाना र मृतक पीडितको परिवारलाई निजबाट रू. १५,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।०८ गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद निज प्रहरी हिरासतमा बसेको अवधि १ (एक) महिना १ (एक) दिन कट्टा गरी बाँकी अवधिको कैद तथा जरिवाना समेतको लगत कसी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। ----------------------------------------६
- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-ट लाई २ (दुई) वर्ष कैद रू. १० हजार जनही जरिवाना र मृतक पीडितको परिवारलाई निजबाट रू. १५,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।१० गते पक्राउ परी मिति २०७६।०५।०९ गते यस अदालतको आदेशले अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको कैद निज प्रहरी हिरासतमा बसेको अवधि २९ (उनन्तीस) दिन कट्टा गरी बाँकी अवधिको कैद तथा जरिवाना समेतको लगत कसी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। ------------------------------------------------७
- माथी ठहर खण्डमा प्रतिवादी परिवर्तित नाम ०४-५-ण लाई १ (एक) वर्ष ६ (छ) महिना कैद रू. मृतक पीडितको परिवारलाई निजबाट रू. १५,०००।— क्षतिपूर्ति समेत पाउने ठहरी फैसला भएकोमा निज मिति २०७६।०४।१४ गते निवेदन साथ उपस्थित भई बयान कार्य सम्पन्न भई अभिभावक जिम्मा रहेको देखिदा निजलाई ठहरेको उक्त कैद बेरूजु देखिदा लगत कसी असुल गर्नु भनी असुल गर्नु साथै निजबाट पीडित परिवारलाई भराई दिने क्षतिपूर्ति समेत भराई दिनु भनी तहशिल शाखालाई लगत दिनु। ------------------------------------------------------------८
- प्रस्तुत मुद्दा सुनुवाई हुँदा वादी एवं प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्धान कानुन व्यवसायीले वहस पैरवी गरेकोले यो फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ बमोजिम ७० दिनभित्र उच्च अदालत विराटनगर, इलाम इजलासमा पुनरावेदन गर्न सक्नेनै हुँदा वादी र प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु परेन।------------------------------९
- फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय झापालाई दिनु।- -------------------------------------------------------------------------------------१०
- सरोकारवालाले नक्कल मागे नियमानुसार गरी नक्कल दिनु।---------------------------------११
- प्रस्तुत फैसलालाई बिद्युतिय प्रणालीमा अपलोड गरी मुद्दाको दायरी लगत कट्टा गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिम फैसला प्रमाणिकरण भएको विवरण सूचना पार्टी र अदालतको वेवसाइटमा समेत प्रकाशित गरी मिसिल अभिलेख शाखामा

बुझाई दिनु।-----------------------------------------------------------------------------१२

**<u>फैसला लेखन कार्यमा सहयोग गर्ने</u>** ............................

क.अ. :- पूर्ण बहादुर राई **(जिल्ला न्यायाधीश)**

इति सम्वत २०७८ साल कार्तिक ०८ गते रोज २ शुभम.........................................।

फैसला प्रमाणिकरण मिति :- २०७८।०९।२३ अदालतको छाप